जनहितमा जारी
मानिस-मानिसबीच ३ फिटको दूरी अवश्य कायम गरौं ।
समर्पण सेवा संस्था

PRATEEK DAILY
प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
epratteekdaily.com

गरम कपडा के जोगाड समय में ही करल जाओ ।
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ पुस १३ गते सोमवार // मूत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2020 December 28 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १२२

# सर्वोच्च अदालतको निर्णय सबैले मान्नुपर्छ
## -अध्यक्ष थापा

प्रस, वीरगंज, १२ पुस/
राप्रपाका अध्यक्ष कमल थापाले संसद् विघटनको विषय सर्वोच्चमा विचाराधीन भएकोले सो विषय संवैधानिक वा असंवैधानिक भन्नेबारेमा आफूले टिप्पणी नगर्ने बताएका छन् । वीरगंजको गहवामाई मन्दिरअगाडि आयोजित सभामा उनले सर्वोच्च अदालतको निर्णय सबैले मान्नुपर्ने बताए ।

अध्यक्ष थापाले बदलिंदो परिस्थितिमा ताजा जनादेशको लागि जनताले राप्रपालाई पत्याएको खण्डमा हिन्दू राष्ट्र घोषणा गर्ने, राजतन्त्रसहितको लोकतन्त्र स्थापना गर्ने र देशलाई समृद्धितर्फ अग्रसर बनाउने प्रतिबद्धता जाहेर गरे । उनले सनातन हिन्दू धर्मको बर्खिलाप १४ वर्ष अगाडि षड्यन्त्र गरिएको र राजतन्त्रसमेत मास्ने काम भएकोले अहिले देश अभिभावकविहीन अवस्थामा पुगेको टिप्पणी गरे । हिन्दू राष्ट्रमा सबै धर्मको सम्मान हुँदै आएको तर विदेशी चलखेलमा धर्मनिरपेक्ष घोषणा गरिएको उनले बताए । २००७ सालमा २४ जना क्रिस्टियन देशमा रहेकोमा अहिले ४० लाख पुगनुले नेपालीहरूलाई जबरजस्ती धर्म परिवर्तन गराइएको तथ्य उजागर भएको बताए ।


सभामा बोल्दै राप्रपाका अध्यक्ष कमल थापा र प्रजिअलाई ज्ञापन बुझाउँदै जिल्ला अध्यक्ष उपाध्याय । तस्वीरः प्रतीक

उनले आफ्नो पार्टीले सबै धर्मको सम्मान गर्ने भएपनि सनातन हिन्दू धर्मविपरीत कार्य सहय नहुने बताए । वर्तमान सरकारले ताजा जनादेशको लागि गरेको पहल आफ्नोलागि अवसर भएको बताए । जनताले दिएको अभिमतको रक्षा गर्न नसक्नुले पनि नेका, नेकपा र मधेसवादी दलहरू असफल पुष्टि भएको उनले बताए । १४ वर्षअघि भएको परिवर्तनपछि जनताले थुप्रै आशा र विश्वास लिए पनि यी पार्टीहरूले जनविश्वासका काम गर्न नसकेको र भागबन्डामा लिप्त भएको कारण भ्रष्टाचार मौलाएको अध्यक्ष थापाले आरोप लगाए । अहिले नेपालमा विदेशी शक्तिहरूको चलखेल बढेकाले यो सबै निर्मूल गरी देशमा जनताको शासन हुने गरी राजतन्त्र स्थापित गर्नुपर्ने, हिन्दू राष्ट्र बनाउनुपर्ने उनले जिकिर गरे ।

सभामा राप्रपाका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री राजीव पराजुलीले वर्तमान सरकारले जनताको अभिमतको रक्षा गर्न नसकेको र सरकार भागबन्डा र भ्रष्टाचारमा चुर्लुम्म डुबेको आरोप लगाए ।

विभिन्न भ्रष्टाचारका घटनामा सरकारले अर्बौं रुपैयाँ भ्रष्टाचार गरेको पनि उनले आरोप लगाए । सुमेश्वर उपाध्यायले सञ्चालन गरेको सभामा केन्द्रीय सदस्य नगिना यादव, सुधीर त्रिपाठी, कुमारबन्धु रुपाखेतीलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

सभापछि राप्रपा पर्साका अध्यक्ष सुमेश्वर उपाध्याय नेतृत्वको टोलीले जिल्ला प्रशासन कार्यालय, पर्साका प्रमुख जिल्ला अधिकारी आसमान तामाङलाई ज्ञापनपत्र बुझाएको थियो । राप्रपाले आज ७७ जिल्लामा सभा र प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ ।

# वीरगंजमा जसपाको प्रदर्शन

प्रस, वीरगंज, १२ पुस/
जनता समाजवादी पार्टीले संसद् विघटनको विरोधमा वीरगंजमा प्रदर्शन गर्नुका साथै घण्टाघरमा कोणसभा गरेको छ । घण्टाघरबाट निकालिएको विरोध र्‍याली नगरपरिक्रमा गरी पुनः सोही ठाउँमा सभा गरेको थियो । सभामा प्रदेशसभा सदस्य रमेश पटेल, करीमा बेगम, केन्द्रीय सदस्य शिव पटेल, शशिकपूर मियाँ, मुनी श्रीवास्तव, महानगर अध्यक्ष ओमप्रकाश सर्राफ, सुजित गिरीलगायतले संविधान पुनर्स्थापना नहुन्जेल जसपाले आन्दोलन जारी राख्ने बताए । संविधानको बर्खिलाप प्रधानमन्त्री ओलीले संसद् विघटन गरेको र नेपाली जनताले दिएको अभिमतको अपहेलना गरेको भन्दै उनीहरूले संसद् विघटनको निर्णय सरकारले फिर्ता लिनुपर्ने माग गरे । संसद् विघटन कुनै पनि हालतमा मान्य नहुने र सोको विरोधमा जसपाले आन्दोलन गर्न पछि नपर्ने बताए ।



तस्वीरः प्रतीक

जसपा, पर्साका अध्यक्ष रामनरेश यादव र जगदीश पटेलको संयुक्त अध्यक्षतामा आयोजित कार्यक्रमको सहजीकरण सचिव तबरेज अहमदले गरेका थिए ।

# पर्सामा अवैध घरेलु मदिरा उत्पादन बढ्यो

नरेश/प्रमोद यादव, १२ पुस/
पर्सा जिल्लामा अहिले अवैध घरेलु मदिरा उत्पादन तीव्र गतिमा भइरहेको छ। लकडाउन शुरु भएयता अवैध घरेलु मदिरा उत्पादनविरुद्ध अभियानमा प्रहरीले चासो देखाएको छैन ।


तस्वीरः फाइल

पर्सा जिल्लामा सबैभन्दा बढी अवैध मदिराभट्टी पर्सागढी नगरपालिका–३ झबराहा, जीराभवानी गापा–५ शङ्करसरैया, हरैया, सखुवाप्रसौनी गापाको महुवन, धोबिनी गापाको आसवारी, पटेर्वासुगौली गापाको रङ्गपुर, पटेवांटोलमा अत्यधिक घरेलु मदिरा उत्पादन हुने गरेको छ ।

यहाँ उत्पादित मदिरा वीरगंज महानगर, बाराको जीतपुर र छिमेकी भारतसम्म पुग्ने गरेको छ । खासगरी भारत, बिहारमा मदिरा निषेध भएको कारण अहिले पर्सा जिल्लाका विभिन्न स्थानमा घरेलु मदिरा उत्पादन बढेको छ । पर्सागढी नपा–३ झबराहामा मात्रै चार सय घरधुरीमध्ये तीन सय घरधुरीमा घरेलु मदिरा उत्पादन हुने गर्छ । तीन सयमध्ये सय घरधुरीले स्वप्रयोजनको लागि मदिरा उत्पादन गर्छन् भने दुई सय घरधुरीले व्यवसायको लागि मदिरा उत्पादन गर्दै आएका छन् ।

लकडाउनअघिको ६ महिना र लकडाउनपछिको ९ महीनामा सो ठाउँमा घरेलु मदिरा उत्पादनविरुद्ध अभियान चालिएको छैन। इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामकाजी थापा र त्यसअघिका दीपक चोरवारको कार्यकालमा अवैध मदिराविरुद्ध अभियान सञ्चालन भएन। अहिले प्रनि थापाले अवैध मदिरा उत्पादनविरुद्ध अभियान शुरू गर्ने आश्वासन दिएका छन्। उनले विभिन्न कारणले गर्दा अभियान नचलेको स्वीकारे ।

पर्सा जिल्लाको वीरगंज महानगर–३१ बसडिलवा, ३२ बेलवा, पटेर्वासुगौली गापा–२ बैधनाथपुर, थरघट्टी, चापी, बड्कुल, बेलवा, वडा नं. ५ को पटेवां, भतौडा, निचुटा, मोरटोल, जीराभवानी गापा–५ हरैया, वडा नं १ को महादेवपट्टि, वडा नं ३ को पाँडेपुर, धोबिनी गापाको आसवारी, बहुदरमाई नगरपालिकाको डोकैला बहुअरी, गम्हरिया, पोखरिया नगरपालिका र ठोरी गापामा पनि ठूलो परिमाणमा अवैध घरेलु मदिरा उत्पादन हुने गरेको छ ।

जीराभवानी गापाको शङ्करसरैयामा मेशिनबाट अवैध घरेलु मदिरा उत्पादन हुने गर्छ । केही वर्षअघि सो ठाउँमा छापा मार्दा मेशिनबाट घरेलु मदिरा उत्पादनको घटना सार्वजनिक भएको थियो । प्रहरीले घरेलु मदिरा उत्पादनविरुद्ध अभियान सञ्चालन नगर्दा घरेलु मदिरा उत्पादन गर्ने क्रम बढेको छ । घरेलु मदिरा साइकल, मोटरसाइकल, यात्रीवाहक बस र बालुवा, गिट्टी ढुवानी गर्ने टचाक्टर आदिमा राखेर गन्तव्यसम्म पुर्‍याइन्छ ।

# पर्सा बारमा अध्यक्षको लागि गुप्ता र पोखरेलको उम्मेदवारी

प्रस, परवानीपुर, १२ पुस/
नेपाल बार एशोसिएशन पर्सा एकाइको निर्वाचन पुस १८ गते हुने भएको छ। सोको लागि आइतवार उम्मेदवारहरूले विभिन्न पदमा उम्मेदवारी दर्ता गराएका छन्।


अध्यक्षका उम्मेदवारद्वय पोखरेल र गुप्ता । तस्वीरः प्रतीक

अध्यक्ष पदका लागि ओमप्रकाश गुप्ता, कमलमणि पोखरेल, उपाध्यक्षमा अनिरुद्धप्रसाद सिंह, प्रेमकुमार साह, अजयकुमार श्रीवास्तव, सचिवमा राकेश मल्लिक, रामबलिप्रसाद चौहानले उम्मेदवारी दर्ता गराएका छन् भने सहसचिवमा प्रतिमाकुमारी चौरसियाले मात्रै उम्मेदवारी दिएपछि उनी निर्विरोध चयन भएकी छन् । कोषाध्यक्षमा नजमुद्दीनराउत गद्दी र सुनीलकुमार यादव तथा १२ जना सदस्य पदको लागि १४ जनाको उम्मेदवारी परेको छ । श्रीरामप्रसाद रौनियार, हरिनारायण कुशवाहा, दिनानाथ प्रसाद, रामनाथ महतो, अञ्जनीकुमार नवीन, श्रीरामराउत कुर्मी, नीरज गुप्ता, जवाहरलाल कलवार, मन्सुरुलहक सिद्धिकी, अञ्जनकुमार अधिकारी, विनोदकुमार दास, हीरा ठाकुर, अजय स्वर्णकार, जुली कर्णलगायतले सदस्य पदमा उम्मेदवारी दिएका छन्।

त्यसैगरी, पार्षद् सात पदका लागि ७ जनाको मात्रै उम्मेदवारी परेकाले उनीहरू पनि निर्विरोध चयन भएको प्रमुख निर्वाचन अधिकृत जीतेन्द्रप्रसाद कुर्मीले जानकारी दिए। सोमवार बिहान ११ देखि ४ बजेसम्म उम्मेदवारी फिर्ता लिने सक्ने कार्यक्रम तय भएको र ४ बजेपछि उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन गर्ने उनले बताए। पुस १८ गते बिहान ११ देखि दिउँसो ३ बजेसम्म मतदान हुने र निर्वाचित पदाधिकारीहरूले दुई वर्ष कार्यकालको लागि बारको नेतृत्व गर्ने जनाइएको छ। पर्सा बारमा ११६ जना अधिवक्ता सदस्य छन्।

**शत्रुसँग मित्रता गर्नेले आफ्नो मित्रलाई नोक्सान पुऱ्याउन सक्छ। बुद्धिमान मनुष्यले शत्रुसँग मेलजोल राख्ने मित्रको साथ छोड्नुपर्छ।**

**- शेखसादी**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
online: eprateekdaily.com


# कमरेड कता ?

**सत्तारूढ नेकपाको केन्द्रबाटै चिरा परेपछि सो मातहतका पार्टी कमिटीहरूमा यतिबेला तीव्र ध्रुवीकरण शुरू भएको छ। हिजो एउटै थालमा खाएका कतिपय सहकर्मी पनि आज दुईतर्फ मुख फर्काएका छन्। त्यसैगरी, हिजो दुई धारमा भएका कैयन परस्पर विरोधीहरू आज एउटै धारमा देखिएका छन्। नेकपाका नेता, कार्यकर्ताहरूबीच यतिबेला मुख्य चासो र चर्चा नै को कता लागेका छन् भन्ने छ। हाटबजार, मेलापात वा सार्वजनिक सवारीसाधनमा यात्रा गर्दा, सामाजिक सञ्जालमा कुरा गर्दासमेत को कता लागेका छन् भनी चर्चा परिचर्चा हुने गरेको छ। चिनजान भएका नेकपाका नेता, कार्यकर्ता तथा सहयोगी समर्थकहरू भेट हुँदा त झन् शुरूमा नै यही प्रश्न हुन्छ 'कमरेड कता?' गन्तव्य कता भनेर जान्न चाहेका होइनन्, पार्टीभित्रको क्याम्प कता सोधेका हुन्। हिजो मिलेका नेकपा एमाले र नेकपा माओवादी केन्द्र सर्लक्क विभाजित भएको भए, त्यसले कार्यकर्तास्तरमा यतिधेरै हलचल मच्चाउने थिएन। उनीहरू पूर्ववत् आआफ्नो थातथलोमा फर्कने थिए। तर अहिले त सर्लक्क नभई छ्यासमिस भएर विभाजन भएको छ। हिजोका एमालेबाट अगुवाइ गरेका माधव नेपाल, झलनाथ खनालहरू आज प्रचण्डतर्फ छन् भने माओवादी केन्द्रबाट एकीकरणको अगुवाइ गरेका रामबहादुर थापा 'बादल', लेखराज भट्ट, टोपबहादुर रायमाझी जस्ता हस्तीहरू ओलीसँग छन्।**

**नेतृत्व तहका बाहेक स्थानीयस्तरका नेता, कार्यकर्ताको ठूलो सङ्ख्या यतिबेला 'कमरेड कता'कै अवस्थामा छन्। हिजोदेखि कम्युनिस्ट पार्टी भनेर लागेका तर ठूलो भोगविलासमा नपुगेका पङ्क्ति पार्टीको आधिकारिक छाप, चिह्न र नाम जता हुन्छ, आफूहरू पनि त्यतै भन्नेमा देखिएका छन्। यसको निम्ति निर्वाचन आयोगको निर्णय आउनुपर्ने हुन्छ। अर्को एउटा पङ्क्ति भने पार्टी फुटेकोमा खुशी भएका छन्। उनीहरूले पार्टी एकीकरणको बेलामा चित्त दुखाएका थिए। एकीकरणपश्चात् पनि पुनः फुटोस् भन्ने कामना गर्दै थिए। चुनावको बेला दुई दलीय सहमतिलाई पनि उनीहरूले मनबाट पालना गरेनन्। पार्टी एक रहँदा जहाँ पक्ष-विपक्ष चलिरह्यो, उनीहरू अब सकभर पार्टीको नाम र चिह्न पनि पुरानै भइदिए हुन्थ्यो भन्ने चाहनामा छन्। यस किसिमका नेता, कार्यकर्ताहरू अहिले आफ्नैजस्तो भावना मिल्नेहरूको पुनर्मिलनका लागि सक्रिय भएका छन्। जसले कित्ता छुट्याएका छैनन् 'कमरेड कता'को अवस्था अर्थात् साथीको मनोभावना बुझ्ने क्रममा छन्।**

**जनता जनार्दन हुन्। बितेका चुनावहरूमा तत्कालीन एमाले र माओवादी केन्द्रलाई मतदान गरेका मतदाताहरू सबै पार्टीका झोले वा हनुमान होइनन्। मतदाताले कुनै बेला नेपाली काङ्ग्रेसलाई दुई तिहाइ दियो त कुनै बेला अल्पमत। माओवादीलाई सबैभन्दा ठूलो पार्टी बनाउने र तेस्रो स्थानमा थन्काउने पनि मतदाता नै हुन्। यसैगरी, मतदाताले तत्कालीन एमालेको पनि मूल्याङ्कन गरेकै हो। ठूलो आशा र भरोसाका साथ दुई पार्टीको गठबन्धन 'नेकपा'लाई मत दिएको जनताले अब उनीहरूको मूल्याङ्कन गर्न बाँकी नै छ। पार्टी फुट्दैमा जनताको अदालतबाट उम्किन कोही सक्दैन। नेकपाको फुटमा मुख्य दोषी कुन कमरेड हो? जनभावना अर्थात् जनताले दिएको म्यान्डेडविपरीत चल्नेहरूको गोलबन्द कता भइरहेको छ? चक्कर के चल्दैछ, मतदाताले सूक्ष्म नजर लगाइरहेका छन् र सोध्दैछन् 'कमरेड कता?'**

# वर्तमानको आवश्यकता – प्रभावकारी नेतृत्व

शिक्षा नेपाल



अनन्तकुमार लाल दास
anantlaldas@gmail.com

**योग्य र अनुभवी नेताहरूले नै विश्व इतिकास रचेका छन्। इतिहासको पाना पल्टाउँदा नेपोलियन बोनापार्ट, विस्टन चर्चिल, जर्ज वाशिङ्टन र महात्मा गाँधी जस्ता नेताहरूले आफ्नो कुशल नेतृत्वद्वारा जनताको मार्गदर्शन गरेको सर्वविदित नै छ।**

आज राष्ट्र नेतृत्वविहीन भएको छ। जताततै यसकै चर्चा भइरहेको छ। आज संस्था होस् वा समुदाय, जुनसुकै क्षेत्रलाई गति दिनका लागि, दिशा प्रदान गर्नका लागि प्रभावकारी नेतृत्व चाहिन्छ। नेतृत्वको अभावमा एउटा परिवार सुखी र सम्पन्न हुन सक्दैन। एउटा समाज रचनात्मक दिशामा लम्कन सक्दैन। एउटा राष्ट्र अग्रगामी बाटोमा हिंड्न सक्दैन अर्थात् समग्र विकासका लागि कुशल नेतृत्वको आवश्यकता पर्दछ। यस अर्थमा परिवर्तनका लागि आत्मविश्वासले भरिएको इमानदार, प्रतिबद्ध, धैर्यशील, पारदर्शी, सकारात्मक दृष्टिकोण भएको, जिम्मेवारीलाई व्यक्त गर्ने क्षमता भएको नेतृत्व चाहिन्छ। सामान्य शब्दमा भन्ने हो भने नेतृत्वको अर्थ कुनै व्यक्तिविशेषका त्यस्ता गुणसँग हुन्छ, जसको माध्यमले उसले अन्य व्यक्तिहरूको मार्गदर्शन गर्दछ।

अर्थात् नेतृत्व भनेको साधन हो। साधन उत्तम भयो भने बाटोमा हिंडेर गन्तव्यसम्म सजिलै पुग्न सकिन्छ। नेतृत्वको अभाव भनेको भीड हो। अन्योलता हो। अराजकता हो र हो दिशाहीनता पनि हो। त्यसैले प्रत्येक एकाइमा नेतृत्वको संस्थापन गरिएको पाइन्छ। राज्यको उत्पत्तिसँगै नेतृत्वको संस्थापन भएको इतिहास पाइन्छ। यो स्वतः विकसित हुँदैन। परम्पराको रूपमा हामीबीच जीवनका प्रत्येक क्षेत्रमा, समाजका प्रत्येक अङ्गमा नेतृत्वकारी शक्ति विद्यमान रहेको पाइन्छ। लिविङ्स्टनका अनुसार "नेतृत्व आम जनमानसमा कुनै सामान्य उद्देश्यको अनुसरण गर्ने चाहना जागृत गर्ने योग्यता हो।" संक्षिप्तमा भन्नुपर्दा नेतृत्व त्यो शक्ति हो, जसद्वारा मातहतका नेता वा कार्यकर्ताबाट विना कुनै दबाबमा कार्य गराइन्छ।

नेतृत्व केका लागि भन्ने विषयतर्फ साङ्केतिकरूपमा पहिलो पङ्क्तिमैं उद्धृत गरिएको भए तापनि त्यसलाई अर्थ्याउँदा नेतृत्वको अभावमा युग सापेक्ष तथा वैज्ञानिक ढङ्गबाट गतिशीलताको प्राप्ति हुन सक्दैन। यो व्याख्या परिवारको अर्थमा पनि लागू हुन्छ, त्यसैगरी समाज र राष्ट्र विकासका लागि पनि। तर नेतृत्व भएर पनि पुग्दैन। नेतृत्वकर्तामा युग सापेक्ष वैज्ञानिक तवरबाट हिंड्न सक्ने सक्षमता छ कि छैन, त्यसमा नेतृत्वको प्रतिफल अन्तर्निहित हुन्छ। कुनै संस्थामा नेतृत्वको अवसर पाएका व्यक्तिमा नेतृत्वकारी गुणहरू विद्यमान रहयो भने उसले धेरै नै सार्थक परिणतिहरू दिन सक्दछ। नेतृत्वको त्रुटिले गर्दा धेरै दुर्घटना हुन जान्छ। यसले आँधीबेहोरी पनि ल्याउँछ, जसले वर्षौं, दशकौंसम्म नकारात्मक प्रभाव पारिरहेको हुन्छ। जापानको नागासाकी र हिरोसिमाको घटना तत्कालीन नेतृत्वशक्तिको अहङ्कारले निम्त्याएको दुर्घटना थियो, जसले एउटा लामो कालखण्डदेखि विश्वलाई, समाजलाई र राष्ट्रलाई धेरै पछाडि धकेल्न सक्दछ। यस्ता उदाहरणहरू विश्व इतिहासमा नै प्रशस्त रहेको पाइन्छ। विश्व इतिहास नै नेतृत्वकर्ताहरूको सफलता र असफलताहरूको कथा हो। इतिहासका पाठकहरूलाई नेतृत्वकर्ताको सफलता र असफलताले सृजना गर्ने प्रभावको सम्बन्धमा बढी व्याख्या गरिराख्नुपर्दैन। तर वर्तमान सन्दर्भमा समाजका विभिन्न क्षेत्रमा नेतृत्वकारी शक्तिमा नेतृत्वकारी गुणको ह्रास हुँदै गई विभिन्न विसङ्गतिहरू देखा पर्न थालेका हुनाले नागरिक समाजको तर्फबाट फेरि बहसको आवश्यकता देखिएको छ र त्यो बहसको विषय हो आजको आवश्यकता प्रभावकारी नेतृत्व।

महामानव विश्वेश्वरप्रसाद कोइरालाले भनेका छन्, "देशमा प्रजातन्त्र आएपछि सुकिलामुकिला लुगा लगाउनेहरू र चिल्ला मोटर चढनेहरू हावी हुनेछन्। तिनीहरूविरुद्ध इमानदार कार्यकर्ताहरूले पुनः एकपटक आन्दोलन गर्नुपर्नेछ।" उनको यो अमरपङ्क्ति आजको सन्दर्भमा पनि त्यत्तिकै सान्दर्भिक देखिन्छ। विपीले भनेको समय र आजको परिस्थितिमा ठूलो परिवर्तन आइसकेको भए तापनि उनको विचारको सान्दर्भिकता अध्यावधि छँदैछ। वास्तवमा हामीले तीतो सत्यलाई स्वीकार गर्न सक्नुपर्छ। २०६२/०६३ को जनआन्दोलनबाट प्राप्त सङ्घीय गणतान्त्रिक लोकतन्त्रको सुदृढीकरणका लागि नेतृत्व तहबाट जुन किसिमको समर्पण भाव नेतृत्वपङ्क्तिमा देखा पर्ने थियो, त्यो हालसम्म पनि देखाउन सकिएको छैन। एकातिर कोरोनाको प्रसार र अर्कोतिर दिन प्रतिदिन महँगीको भार वहन गर्दै जनतालाई एक छाक खानलाई समस्या छ, त्यहीं तिनै जनताको नेतृत्व गर्नेहरूले भने ५०-६० लाख मूल्य पर्ने पजेरो गाडी चढ्छन् भने कहाँनिर रह्यो नेतृत्वको कसौटी। यस्तो नेतृत्व परिवर्तनको वाहक बन्न सक्छ वा सक्दैन? त्यसैले आज मुलुक अपहरण, हत्या र भ्रष्टाचारको शृङ्खलामा आक्रान्त डुबेको छ। गरीब झन् झन् गरीब बन्दैछन् भने धनीहरूले अथाह धन कमाएका छन् र मध्यम वर्ग उनीहरूलाई टेवा पुऱ्याउने भ्रष्टाचारी। त्यतिमात्र हैन, यतिखेर मुलुकमा लोकतन्त्रको भविष्य के हुने हो भनी प्रश्न उठ्न थालेको छ। यस्ता थुप्रै प्रश्न वर्तमानले उब्जाएको छ। सही भन्ने हो भने देश विषम र जटिल परिस्थितिबाट गुज्रिरहेको छ। "हुने नहुने" सबै घटना यहीं भएका छन् र भइरहेका छन्।

यसो हुनुको पछाडिका कारणको खोजी गर्दा हामीले एकमात्र कारण के पाउँछौं भने नेतृत्वमा प्रभावकारिताको कमी रहेको छ। नेतृत्वमा प्रजातान्त्रिक सोच, शैली र संयमता अभाव रहेको छ। यस अवस्थामा नेतृत्वले के निर्देशित गति दिन सक्छ? के परिवर्तनको वाहक बन्न सक्छ? आमजनताको रायमा वर्तमान नेतृत्व भनेको सत्तामा मौजमस्ती गर्ने र पैसा कमाउने ध्यानमा लिप्त रहनेहरूको मात्र हो। सांसद बन्नासाथ राजधानीमा महल ठड्याउनेहरू धेरै छन्। हिंसक सिंहले अहिंसाको प्रवचन दिनु र आजका राजनेताहरूले भोगविलासमा डुबेर समाजवादको व्याख्या गर्नु योभन्दा ठूलो विडम्बना अरू के हुन सक्दछ र?

प्रजातान्त्रिक सरकारको शक्ति जनताको सहयोगमा निर्भर हुने हुनाले सरकारले गर्ने गतिविधि जनकेन्द्रित हुनुपर्दछ। जनताको मनोभावनाको छाप सरकारमा पर्नुपर्छ र उनीहरूको मागको आधारमा सरकारी नीति हुनुपर्दछ। जनताबाट शक्ति सञ्चय गरी सरकार अगाडि बढ्नुपर्छ। सरकारको लागि जनता भनेको देउता हो। उसका नीतिहरू भनेको आफ्नो देउताको प्रदक्षिणा गर्नु हो। यस्तो चरित्रको अभावमा कुनै पनि मुलुकले अभ्युत्थान गर्न सक्दैन। राष्ट्रलाई आशा र सन्तुष्टि दिलाउन सक्दैन। तब विकृतिहरूको जन्म हुन्छ। विद्रोह सल्किन्छ। वर्तमानमा हाम्रो नीति यस्तै भएको छ।

नेतृत्वको प्रभावकारितालाई बुझ्न हामीले कुनै पनि एकाइको संरचनामा राखेर त्यसलाई व्याख्या गर्न सक्छौं। यसलाई परिवारदेखि राष्ट्रसम्म एउटै मापदण्डमा राख्न सकिन्छ। आज संयुक्त परिवार विखण्डन भइरहेको छ। व्यक्तिवादिता मात्र होइन, पति-पत्नीबीचमा पनि सम्बन्ध विच्छेदको क्रम बढेको छ। प्रभावकारी नेतृत्वको अभाव यहाँ पनि देखिन सक्छ। प्रभावकारी नेतृत्वले समन्वय दिन्छ, सृजना दिन्छ, विध्वंश होइन।

प्रभावकारी नेतृत्वका लागि नेतृत्वकर्तामा कार्यपरायणता, वाक्पटुता, दृढ निश्चय, प्रतिउत्पन्नमति, आत्मविश्वास, समयको महत्त्व बुझ्ने, सकारात्मक सोच भएको, परिस्थितिको मूल्याङ्कन र विश्लेषण गर्ने क्षमता, सहकर्मीलाई चिन्न सक्ने र उसलाई कदर गर्दै सहयोग लिन सक्ने कल्पनाशीलता र स्वप्नद्रष्टा जस्ता गुणहरूको आवश्यकता पर्दछ। जुन नेतृत्वकर्तामा यस्ता गुणहरू जति मात्रामा मौजुद हुन्छन्, ऊ त्यति सफल हुन सक्छ। नेतृत्वकर्ता आफूले पाएको जिम्मेवारीको बारेमा राम्रो ज्ञान राखेको हुनुपर्दछ। ऊसँग सम्बन्ध र सरोकार राख्नेहरूको बारेमा राम्रो जानकारी हुनुपर्दछ। उसको व्यवहारमा कहिले पनि हलुकोपन देखिनुहुँदैन। उसले आफ्ना निर्णयहरूमा सहकर्मीहरूलाई डोऱ्याउन सक्ने क्षमताको विकास गरेको हुनुपर्छ। यस्ता गुणहरूले नेतृत्वकर्तालाई सफल र उद्देश्यमुखी बनाउँछ। नेतृत्वकर्ताले जहिले पनि बोल्नमा मात्र हैन गर्नमा पनि विश्वास राख्दछ। उसले उदाहरण दिँदैन, उदाहरण बन्न खोज्दछ। उसले विभाजनको होइन, समन्वयको धारणा राख्दछ। उसले विमति राख्नेहरूसँग पनि सन्तुलन कायम गर्न खोज्दछ। उसले जहिले पनि परिणाम आफ्नो पक्षमा ल्याउन खोज्दछ। आखिर प्रभावकारी नेतृत्वको परीक्षा पनि विपरीत र विषम परिस्थितिमा नै हुने गर्छ। अनुकूल अवसरमा देखा परेको नेतृत्व प्रायः ऐतिहासिक हुँदैन। सङ्घर्ष र प्रतिकूलताले जन्मेको नेतृत्व आफ्नो क्षेत्रमा कोसेढुङ्गा साबित हुन्छ। उसका उत्तराधिकारीहरूले त्यस्तैको जयगान गर्दछन्।

प्रशंसामा रिझाउने, उपहार प्राप्त भए दङ्ग पर्ने, चाकरीमा प्रफुल्लित हुने, तत्काललाई नै बहुमूल्य ठान्नेको नेतृत्व कहिले पनि सफल हुन सक्दैन। ऊ सफल जस्तो देखिए पनि प्रभावकारी हुँदैन। उसले रचनात्मक परिणाम दिने इतिहास बनाउन सक्दैन। नेतृत्वका लागि नैतिक शक्ति महत्त्वपूर्ण पूँजी हो। यसको अभावमा ऊ प्रेरक हुन सक्दैन। उसले समाजलाई उत्प्रेरित गर्न सक्दैन। उत्प्रेरक बन्नका लागि आफैं प्रेरणापुञ्ज हुन सक्नुपऱ्यो। एउटा भ्रष्टले अरूलाई इमानदार रहन आग्रह गर्न सक्दैन। तर आग्रह गरे पनि अरूलाई इमानदार बनाउन सक्दैन। नेतृत्वकर्ता अध्ययनशील पनि हुनुपर्छ। जसले आफ्नो समकालीनका र आफ्नो इतिहासका बारेमा ज्ञान राखेको हुनुपर्छ। यसको अभावमा उसले महत्त्वपूर्ण निर्णय लिन सक्दैन। ऊ अल्मलिन सक्दछ। त्यसैले यी पनि प्रभावकारी नेतृत्वको लागि आवश्यक पक्ष हो।

योग्य र अनुभवी नेताहरूले नै विश्व इतिहास रचेका छन्। इतिहासको पाना पल्टाउँदा नेपोलियन बोनापार्ट, विस्टन चर्चिल, जर्ज वाशिङ्टन र महात्मा गाँधी जस्ता नेताहरूले आफ्नो कुशल नेतृत्वद्वारा जनताको मार्गदर्शन गरेको सर्वविदित नै छ। नेतृत्व जुन परिवारबाट शुरू भएर विश्वसमक्ष पुग्दछ, सोको प्रभावकारिताको लागि चाहिने गुणहरूका बारेमा वा प्रभावकारिताका बारेमा लेख्दा कैयौं पुस्तक लेख्न सकिन्छ। एक पक्षको बारेमा महीनौं व्याख्यान दिन सकिन्छ। त्यसलाई एउटा सानो लेखमा भन्नुपर्दा मानवीय मूल्यहरूलाई नयाँ परिवेशमा लागू गराउने अत्यन्त महत्त्वपूर्ण कार्य नै नेतृत्व हो र समस्या उत्पन्न हुनुपूर्व सम्भाव्य समस्याहरूको कल्पना गरी सोको निराकरणको आधारहरू तयार पारी समस्यालाई निर्मूल पार्नु प्रभावकारी नेतृत्वको परिचालन हो।

# अब ओली र विद्याको अन्त भयो

पाठक प्रतिक्रिया

१० गते प्रतीकमा श्रीमन्नारायणको लेख 'वर्तमान सङ्कटका अंशियारहरू' पढें। उनको विश्लेषण सर्वथा भिन्न छ। जहाँ अरूले संसद् भङ्ग नै नभएको भन्छन्, त्यहाँ लेखकले संसद् अब मरिसकेको र फेरि ब्यूँतिन नसक्ने दलील पेश गरेका छन्। उनको दलील यसो हेर्दा ठीक छ तर उनको 'आन्दोलनबाट केही प्राप्त गर्न सकिंदैन' भन्ने भनाइमा मेरो सहमति छैन। याद गर्नुस् अन्तरिम संविधानका कुरा। संविधानले नभन्दा पनि गणतन्त्र मात्र आएन, राज्यसंस्थाको पनि अन्त भयो। त्यो जनताको म्यान्डेटले र आन्दोलनले प्राप्त भएको थियो।

यदि जनता सडकमा आए ओलीका सारा करानामा फेल हुनेछ। यदि केवल कार्यकर्ता मात्र आए र आआफ्नो डफली अलग-अलग बजाए, तब केही पनि हुँदैन।

तपाईंले भनेको यस घटनाको कारण हतारमा निकालिएको त्रुटिपूर्ण संविधानको कुरा बिल्कुल सही हो।

तर संविधानमा फेरबदल गर्ने कुरा त स्वयम् प्रधानमन्त्रीले नै भनिसके। कल्पना गर्नुस् कि उनले फेरबदल गर्न सम्भव छ। त्यही फेरबदल आन्दोलनकारी दलले पनि त गर्न सक्छन्।

अब नेपालमा शक्तिराष्ट्रहरूका जबरदस्त चलखेल हुनेछ। जुन जयशङ्करका कुरा स्वीकार गरिएको थिएन, त्यसलाई स्वीकार गर्नको लागि अब हानथाप हुनेछ। ओलीले स्वीकार गरे उनी रहनेछन्।

माधव नेपालले स्वीकार गरे प्रचण्ड आउनेछन्। जति कराए पनि अब ओली र विद्यादेवी भण्डारीको खेल खत्तम छ।

हाउयान्छी सक्रिय भएकी छन् भने भारतले पनि नियालिरहेको छ। परिस्थिति जटिल छ, तर जनताभन्दा पर जान सक्दैन।

**-डा. शिवशङ्कर यादव**
छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन ९८४५११९४४८

# मध्य तराई–मधेसमा घट्दै छ उखुखेती

प्रस, गरुडा, १२ पुस/

तराई–मधेसका जिल्लामा उखुखेती कम हुँदै गएको देखिएको छ। किसानले उब्जाएर चिनी उद्योगलाई बेचेको उखुको मूल्य वर्षौंसम्म नपाउँदा किसानहरू पीडामा भएको कारण उखुखेती कम गर्दै लगेको पाइएको छ।

मध्यतराईको बारा, रौतहट र सर्लाहीमा बर्सेनि उखुखेती घट्दै गएको देखिएको हो। समयमा मूल्य नपाउँदा र उखुखेतीले किसानको गर्जो नटार्ने हुँदा किसानमा निराशा हुन थालेपछि उखुखेती कम हुन थालेको उखु उत्पादक सङ्घ रौतहटका अध्यक्ष अशोकप्रसाद यादवले बताएका छन्।

गत वर्षभन्दा चालू सिजनमा करीब पाँच हजार क्वीन्टलले उखु उत्पादन कम हुने सम्भावना रहेको अध्यक्ष यादव बताउँछन्। गत वर्ष गरुडास्थित श्रीराम सुगर मिल्स लिमिटेडले किसानबाट निकै कम उखु पाएको थियो। समयमा भुक्तानी नगरेको कारण श्रीरामले करीब ६३ हजार क्वीन्टल उखु क्रसिङ गरेको थियो। रौतहटको कटहरियास्थित बाबा बैजुनाथ सुगर एन्ड केमिकल इन्डस्ट्रिजले करीब ६ लाख क्वीन्टल, जिल्लाबाहिरका विभिन्न चिनी उद्योगले करीब ५ लाख क्वीन्टल र जिल्लाभित्रका विभिन्न सख्खर उद्योगले करीब तीन लाख क्वीन्टल उखु क्रसिङ गरेका थिए।

गत वर्ष करीब १५ लाख क्वीन्टल उखु उत्पादन भएको अध्यक्ष यादवको दाबी छ। किसानले आफूले उत्पादन गरेको केही उखु बीउको रूपमा पनि प्रयोग गर्दै आएका छन्।

चालू सिजनमा रौतहटमा उखुको उत्पादन करीब १० लाख क्वीन्टलमा सीमित हुने सङ्घका सल्लाहकार सफिन्द्रप्रसाद यादवको अनुमान छ। उखुको मूल्य भुक्तानीमा किसानलाई भएको समस्याले गर्दा उखु किसान निराश भएकाले उखुखेती कम हुन पुगेको सल्लाहकार यादवको भनाइ छ।

रौतहटसँगै सर्लाहीमा पनि गत वर्षको तुलनामा उखुखेती केही कम भएको स्थानीयको भनाइ छ। सर्लाहीको बलरा नगरपालिकाका अगुवा उखु किसान मोहन सिंहका अनुसार गत वर्षको तुलनामा सर्लाहीमा उखुखेती कम भएको छ। मुख्यगरी दक्षिणी सर्लाहीमा उखुखेती कम हुनुको मुख्य कारण किसानले पाउने भुक्तानी नै रहेको सिंहको भनाइ छ।

बारा जिल्लामा पनि उखुखेती कम भएको छ। बारा जिल्लाका केही गाउँको उखु रौतहटको श्रीराम सुगर मिल्समा आउने गरेको र उद्योग नै बन्द भएकोले उखुखेतीमा कमी आएको कोतवालका रामअशिष साहको भनाइ छ।

उखुखेती किसानको लागि नगदेबाली भएको तर उद्योगहरूले उधारो बाली र किसानलाई रुवाउने बालीको रूपमा बनाइदिंदा उखु किसान निराश भएको अगुवा किसानहरू बताउँछन्। रौतहटमा १८ हजार किसानले उखुखेती गर्दै आएकामा साना तथा मझौला स्तरका किसानहरूको उखुखेतीप्रति नकारात्मक दृष्टिकोण बन्न सक्ने सम्भावना रहेको सङ्घका अध्यक्ष यादवको भनाइ छ।


तस्वीरः प्रतीक

# जनकपुर–जयनगर रेल माघभित्र सञ्चालन गर्ने तयारी

काठमाडौं, १२ पुस/रासस

सरकारले दुई महीना पहिले भारतबाट ल्याएको रेल आउँदो माघभित्र सञ्चालनमा ल्याइने भएको छ।




भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जयनगर–कुर्था रेलमार्गमा सञ्चालनका लागि आवश्यक तयारी अघि बढाएको छ। अबको एकदेखि डेढ महीनाभित्रमा रेल सञ्चालन गर्न सकिने रेलवे कम्पनीका महाप्रबन्धक गुरु भट्टराईले बताए। उनका अनुसार आवश्यक मर्मत, तालीम र सफ्टवेयरको काम सकिएसँगै रेल सञ्चालन गरिनेछ।

रेल सञ्चालनका लागि कर्मचारीलाई एक/दुई साताको तालीम आवश्यक पर्ने उनले जानकारी दिए। उनले भने, "त्यो सकिएपछि ढिलोमा माघको अन्तिमसम्ममा गर्ने लक्ष्य रहेको छ।"

भारतले निर्माण गरेको संरचना १५ देखि २० दिनमा तयारी हुने महानिर्देशक भट्टराईले बताए। उनका अनुसार भारतीय पक्षले यसमा काम गरिरहेको छ। उनीहरूले गर्नुपर्ने काममध्ये थोरै काम बाँकी रहे पनि सञ्चालनमा समस्या नहुने उनको भनाइ छ। कम्प्युटरबाट नियन्त्रण हुने सो रेलमार्गमा 'सिस्टम इनस्टल' गर्ने काम पनि अघि बढाइएको छ। रेल सञ्चालन हुँदा रेल कहाँ पुग्यो, कहाँ पुग्दा अड्कियो वा अरू कुनै समस्या भयो भन्ने हेर्न सकिने उनले बताए।

कम्पनीले दक्ष र प्रशासनिकलगायत आवश्यक जनशक्ति व्यवस्थापन गरिरहेको छ। आवश्यक कतिपय कर्मचारी स्थायी हुनेछन् भने कतिपय अस्थायीरूपमा नियुक्त गरिने उनको भनाइ छ। सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट निजामती कर्मचारी काजमा ल्याइने उनले जानकारी दिए। रेलवे कम्पनीमा यसअघिका झन्डै ६० जना अस्थायी कर्मचारी र १२ जना स्थायी कर्मचारी रहेका थिए। ती कर्मचारी कम्पनी बन्द भएपनि कम्पनीमा रहेका थिए। कम्पनीले रेल चलाउने ज्ञान भएका दक्ष २६ जना भारतीय कर्मचारीसमेत ल्याउन लागेको छ। नेपालमा रेलसम्बन्धी अनुभव भएका जनशक्ति नभएकाले भारतीय कर्मचारी करारमा ल्याउन लागिएको हो। त्यसका लागि मन्त्रालयमा प्रस्ताव पेश गरिएको उनले बताए।

मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्ले निर्णय गरेपछि विदेशी कर्मचारी नियुक्ति अघि बढाउन लागिएको हो। दुई सरकारबीचको सम्झौताबाट उनीहरूलाई ल्याउन लागिएको हो। उनले भने, "यताको कम्पनी र उताको कम्पनीबीच सम्झौताबाट ल्याइन लागिएको हो।"

रेल सञ्चालनका लागि अहिले तत्काल नेपालमा रेलसम्बन्धी कानूनको समेत अभाव भएपनि त्यसमा समेत कसरी अघि बढ्ने भनी मन्त्रालय र कम्पनीबीच छलफल भइरहेको छ। रेलवेसम्बन्धी ऐन, २०२० पुरानो भएकाले नयाँ विधेयक संसद्मा छ। रेल सञ्चालनपछि त्यस क्षेत्रका जनता र व्यापारीलाई यातायातमा सहज हुने अपेक्षा गरिएको छ। अहिले पनि सवारीसाधन सञ्चालन भइरहेकामा रेलले यातायातमा अझै सुविधा दिनेछ। सरकारले उक्त रेलमार्ग बर्दिवाससम्म पुग्ने र पूर्वपश्चिम रेलमार्ग पनि बर्दिवास जाने भएकाले त्यहाँ पुगेर जोड्ने योजना लिएको छ।

भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएको सो रेलमार्गमा सञ्चालनका लागि गत असोज २ गते दुई सेट डेमो ट्रेन आएको थियो। सो रेलमा एक हजार २०० देखि एक हजार ३०० सम्म यात्री बसेर र उभिएर गरी यात्रा गर्न सक्ने रेल विभागले जनाएको छ। यात्रीवाहक रेल भएकाले यात्रीको झोला र सामान्य सामान मात्रै राख्न सकिनेछ।

नेपालमा राणाकालमा विसं १९८४ तिर भारतको रक्सौलदेखि नेपालको अमलेखगंज तथा विसं १९९४ तिर जयनगरदेखि जनकपुरसम्म रेलसेवा थियो। लामो समय अवरुद्ध उक्त रेलसेवा वर्तमान सरकारको 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षासँगै अघि बढेको हो। अहिले कुर्थाबाट जयनगरसम्मको रेलमार्गको निर्माण गत वर्ष नै सकिएको थियो। कुल ३५ किमि लम्बाइमा रेल सञ्चालन हुनेछ। कुर्थादेखि बिजलपुरासम्म थप १७ किमि रेलमार्ग निर्माण अन्तिम चरणमा पुगेको छ। बिजलपुरासम्म गरी ५२ किमिमा छिट्टै रेल सञ्चालन हुने विभागले जनाएको छ।


**मारुनी नृत्य गर्दै कलाकार** : बाग्लुङको काठेखोला गाउँपालिका– ५ बिहुँकोटस्थित शिवधुरी सामुदायिक होमस्टे (घरवास) कार्यक्रममा मगर संस्कृतिमा आधारित मारुनी नृत्य देखाउँदै स्थानीय कलाकार। तस्वीर : रासस

# नयाँ शहर स्थापना प्राथमिकतामा –मन्त्री साह

काठमाडौं, १२ पुस/रासस

नवनियुक्त शहरी विकासमन्त्री प्रभु साहले जनता गाउँ छाडेर शहरतिर आकर्षित भइरहेकाले नयाँ शहर स्थापना गर्नुपर्नेमा जोड दिएका छन्।


नवनियुक्त शहरी विकासमन्त्री प्रभु साह। तस्वीरः रासस

मन्त्रालयमा आइतवार पद बहालीपछि आयोजित स्वागत एवं बिदाइ कार्यक्रममा उनले यसअघि विसं २०७४ मा मन्त्रालय सम्हालेका बेला विभिन्न स्थानमा नयाँ शहर निर्माण गर्ने निर्णय गरेको स्मरण गरे। त्यस बेला जोखिम मोलेर भएपनि विकासका लागि आफूले शहर बनाउने स्थान तोकेको उनको भनाइ थियो।

"सही कामका लागि जोखिम मोल्न जनप्रतिनिधि र कर्मचारी तयार हुनुपर्छ, यस्तो नभएकैले सम्पन्न विदेशतिर र विपन्न विचलित हुने अवस्था छ, अब यसलाई रोक्नुपर्छ," उनले भने।

विघटित प्रतिनिधिसभामा रौतहट ३ नं क्षेत्रबाट निर्वाचित मन्त्री साह यसअघि पनि शहरी विकासकै कार्यभार सम्हालिसकेकाले अनुभवी मानिन्छन्। उनी विसं २०६४ देखिका सबै निर्वाचनमा रौतहट–३ बाटै निर्वाचित हुँदै आएका छन्।

# बङ्गलादेशबाट पुस अन्तिम साता मल आइपुग्ने

काठमाडौं, १२ पुस/रासस

बङ्गलादेशबाट खरीद गरिएको ५० हजार मेट्रिक टन रासायनिक मल पुस अन्तिम साता नेपाल आइपुग्ने भएको छ। यही पुस २ गते सरकार–सरकारबीच (जिटुजी)मार्फत रासायनिक मल खरीदको सम्झौता भएको थियो।


तस्वीरः सौजन्य

मल खरीदको सम्झौता गरेर फर्किएको नेपाली टोलीले मल ल्याउने तयारीस्वरूप एलसी (प्रतीतपत्र) खोल्ने काम शुरू भएको जनाएको छ। मल खरीदको जिम्मा पाएको कृषि सामग्री कम्पनीले शुक्रवार सिद्धार्थ बैंकमा एलसी खोल्न पत्र पठाएको जनाएको छ।

नेपालमा एलसी खोलेको जानकारी गराएपछि बङ्गलादेशको कम्पनीले एलसी खोलेर मल खरीदको तयारी गर्ने जानकारी आएको कम्पनीका प्रबन्ध सञ्चालक नेत्रबहादुर भण्डारीले जानकारी दिए। उनका अनुसार दुवै देशले एलसी खोलेको १५ दिनभित्रमा मल खरीद शुरू हुनेछ।

"बङ्गलादेशमा गएर सम्झौता गरेपछि मल आउने ढुक्क भएको छ, हामी जतिसक्दो छिटो खरीद गर्ने तयारीमा छौं, पुस अन्तिम साता पहिलो लटको मल नेपाल आइपुग्छ," उनले भने। प्रतिमेट्रिक टन २५९.१९५ अमेरिकी डलरमा मल खरीदको सम्झौता भएको भण्डारीले जानकारी दिए। उनका अनुसार बङ्गलादेशसँग प्रतिमेट्रिक टन १८ डलर कममा सम्झौता भएको छ।

जिटुजीमार्फत मल ल्याउन गत कात्तिक २४ गते बसेको मन्त्रिपरिषद् बैठकले कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई स्वीकृति दिएको थियो। मन्त्रालयको निर्देशन अनुसार कृषि सामग्री कम्पनीले मल खरीदको तयारी गरेको थियो। तयारीस्वरूप यही पुस २ गते जिटुजी प्रक्रियामार्फत मल खरीदका लागि कृषि सामग्री कम्पनीका प्रबन्ध सञ्चालक भण्डारी र बङ्गलादेश केमिकल इन्ड्रस्ट्रिज कर्पोरेशनका अध्यक्ष महम्मद एमिन उल अहसनबीच सम्झौता भएको थियो।

कृषि सामग्री कम्पनीले यसअघि नै मल ढुवानीका लागि संयुक्त अरब इमिरेट्स (युएई)को जेन्ट्रेड एफजेडएफसँग सम्झौता गरिसकेको छ। उक्त कम्पनीले रेलमार्गबाट वीरगंज, विराटनगर र भैरहवामा मल ल्याउनेछ। बङ्गलादेशबाट मल आएपछि आगामी दिनमा मलको अभाव नहुने कम्पनीले जनाएको छ।

# सालकसहित मोटरसाइकल बरामद

प्रस, सिराहा, १२ पुस/

जिल्लाको गोलबजारस्थित सशस्त्र प्रहरी बेसक्याम्पले दुर्लभ सालकसहित एउटा मोटरसाइल नियन्त्रणमा लिएको छ। गोलबजार नगरपालिका वडा नं २ लालपुर फतिङ्ग्रा डाँडाबाट सालक र एउटा मोटरसाइकल बरामद भएको जिल्ला प्रहरी कार्यालय सिराहाले जनाएको छ।

उक्त स्थानबाट तस्करी हुँदैछ भन्ने सूचना पाउनासाथ बेस क्याम्पबाट खटिएको टोलीसँग तस्करको जम्काभेट हुँदा प्रहरीलाई देख्नेबित्तिकै मोटरसाइकल छोडेर तस्कर फरार भएका थिए। स.१०प ३३३० नंको मोटरसाइकलमा सवार व्यक्ति भागेको र उक्त मोटरसाइकल चेक जाँच गर्दा दुर्लभ वन्यजन्तु सालक फेला परेको प्रहरीले जनाएको छ। तस्करीमा संलग्न व्यक्तिको मोटरसाइकल बरामद भएकाले सवारी नम्बरको आधारमा सवारीधनी पत्ता लगाउने प्रक्रिया शुरू भएको छ।

सालक संसारकै सबैभन्दा बढी तस्करी हुने स्तनधारी जनावर मानिन्छ। एक तथ्याङ्क अनुसार विश्वमा औसत पाँच मिनेटमा एक सालकको हत्या हुने गर्दछ। सालकको खपटा चिनीरोगको औषधि, फिङ्गर प्रिन्टको केमिकल र मासु चिनियाँ परम्परागत औषधि बनाउन प्रयोग हुने र अन्तर्राष्ट्रिय बजारमा अत्यधिक माग भएकाले यसको बढी तस्करी हुने गरेको बताइन्छ।

वन्यजन्तुको अवैध व्यापारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले सालकको व्यापारलाई अपराध मानेको छ भने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐनमा दुर्लभ तथा सुरक्षित वन्यजन्तुको ओखटोपहार राख्ने, खरीद गर्ने, बिक्री गर्ने वा ओसारपसार गर्ने व्यक्तिलाई रु पाँच लाखसम्म जरिवाना वा ५ देखि १५ वर्ष कैद वा दुवै सजाय हुने व्यवस्था गरेको कानून व्यवसायीहरू बताउँछन्।

# विद्यार्थी जीवन र शिक्षणका अनुभव सम्झँदै शिक्षामन्त्री: मेधावी विद्यार्थी र जनशक्तिलाई स्वदेशमैं राखिने

काठमाडौं, १२ पुस/रासस

"एकैपटक कक्षा ५ मा भर्ना भएर विद्यालय शिक्षा शुरू गरेको यहाँ कोही हुनुहुन्छ ?" सभाकक्षमा एकाएक सुनिएको यो प्रश्नको जवाफमा "म छु" भन्ने कोही देखिएन। कसैको हात नउठेको देखेपछि दायाँबायाँ हेर्दै नवनियुक्त शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठले मुसुक्क हाँस्दै भने, "म नै त्यस्तो भाग्यमानी हुँ, जो कक्षा ५ भन्दा तलका कक्षा नपढीकन एकैपटक पाँचमा भर्ना भएको थिएँ।"

विसं २०२५ मा नुवाकोटको त्रिशूली बजारस्थित तत्कालीन 'त्रिभुवन त्रिशूली हाइस्कूल'मा कक्षा ५ मा भर्ना भएको र त्यस बेला त्यहाँ पाटनबाट गएका प्रधानाध्यापक शारदामान श्रेष्ठ रहेको स्मरण गर्दै मन्त्री श्रेष्ठले शिक्षा र आफ्नो नाता थप जोड्न थाले। शायद आमाले ज्याला मजदूरी गरेर हुर्काएकाले सानो छँदा श्रेष्ठले कक्षा १ देखि भर्ना हुन पाएनन्।

विसं २०३१ मा त्यहींबाट प्रवेशिका उत्तीर्णपछि पञ्चायतविरोधी भूमिगत राजनीतिमा सामेल हुँदै २०३५ सालमा काभ्रेपलाञ्चोकको बनेपास्थित आधार माविमा विज्ञान र ऐच्छिक गणित शिक्षक भएर केही समय काम गरेको अनुभव पनि मन्त्री श्रेष्ठले सुनाए। विद्यार्थीलाई विषयगत शिक्षाका साथै मोदनाथ प्रश्रितको 'पचास रुपैयाँको तमसुक' जस्ता कृतिबाट राजनीतिक चेतनायुक्त शिक्षा पनि दिएको उनका स्मरण छन्। विघटित


शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री कृष्णगोपाल श्रेष्ठ। तस्वीरः फाइल

दिवङ्गत नेता जीवराज आश्रितसँग सोध्दा 'छात्रवृत्तिमा पढ्न जाँदा निश्चित विषयको प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिका सभापति शशी श्रेष्ठ आफ्नो विद्यार्थी रहेकामा उनले गर्व गरे। विसं २०१५ मा काठमाडौंमा जन्मेका श्रेष्ठ हाल नेपाल कम्युनिस्ट पार्टी (नेकपा)का काठमाडौं उपत्यका संयोजक हुन्।

प्रवीणता प्रमाणपत्र तहमा विज्ञान विषय पढेका श्रेष्ठले स्नातक भने अर्थशास्त्रमा गरेका थिए। आफ्नो उच्च शिक्षाको अनुभव सुनाउने क्रममा उनले त्यस बेला चिकित्सा शिक्षाका लागि रूसबाट प्राप्त छात्रवृत्तिमा जान नेकपाका डाक्टर बन्न सक्ने तर स्वदेशमैं राजनीतिमा लागेमा नेपाली जनताको सेवा गर्ने डाक्टर बन्न सक्ने' सल्लाह दिएका कारण आफू अहिले राजनीतिमा सक्रिय रहेको रोचक प्रसङ्ग सुनाए।

**स्वाभिमान बढाउने शिक्षा प्रणालीमा जोड**

शहरी विकास मन्त्रालयमा ७५ दिन नेतृत्व गरी शिक्षामा आएका मन्त्री श्रेष्ठले मन्त्रालयमा पदबहालीपछि सचिवद्वय गोपीनाथ मैनाली र डा सञ्जय शर्माका साथै अन्य कर्मचारी तथा विभिन्न निकायका प्रमुखलाई सम्बोधन गर्दै देशको विकास र स्वाभिमान बढाउने शिक्षा प्रणालीतर्फ आफूहरू केन्द्रित हुनुपर्ने आग्रह गरे।

**राम्रो पढ्नेलाई शिक्षण र राजनीतिमा लाग्न आग्रह**

मन्त्री श्रेष्ठले जापान, जर्मनी, बेलायत, चीन, दक्षिण कोरिया आदि मुलुकको उदाहरण दिँदै कुनै पनि मुलुकको विकास र प्रगतिमा शिक्षाको गुणस्तर पहिलो शर्त हुने भएकाले मेधावी विद्यार्थी र जनशक्तिलाई स्वदेशमैं राख्न सक्ने वातावरण बनाउनुपर्ने बताए। जापानमा अभिभावकले आफ्ना छोराछोरीलाई राम्रो पढाउनेबारेमा चिन्ता गर्ने र ती विद्यार्थीले पढिसकेपछि जागीरको पहिलो रोजाइ शिक्षणलाई बनाउने गरेको, चीनमा विभिन्न विधाका मेधावीलाई राजनीतिमा सामेल गराउने गरेको तर नेपालमा कतै जागीर नपाएपछि शिक्षक र पढाइमा कमजोर भएकाहरू राजनीतिमा लाग्ने गर्नाले मुलुकको प्रगति नभएको तर्क राखे। राम्रो पढ्नेले राजनीतिलाई घृणा गर्ने अवस्थाको पनि अन्त्य गराउनुपर्ने उनको भनाइ थियो। नेपालका शिक्षकको सुविधा आकर्षक नभएकाले उनीहरूले पढाउने पेशासँगै वैकल्पिक पेशामा पनि ध्यान दिने भएकाले शिक्षामा गुणस्तर नआएको जिकिर गर्दै मन्त्री श्रेष्ठले कतै नपाएपछि शिक्षक हुने प्रवृत्ति अन्त्यका लागि गम्भीर हुनैपर्ने बताए।

**'राजनीतिक झोला मन्त्रालय बाहिर'**

मन्त्री श्रेष्ठले एक्काइसौं शताब्दीको विज्ञान र प्रविधिअनुकूल शिक्षाको विकासका लागि दूरगामी योजनाका साथ आफूले इमानदार भएर काम गर्ने र त्यसमा कर्मचारीको साथ आवश्यक रहेको बताए। आफू नेकपाको नेता भएपनि मन्त्री हुँदा देश र जनताको हितलाई प्राथमिकता दिने प्रतिज्ञा गर्दै उनले सबै राष्ट्रसेवक कर्मचारीलाई राजनीतिको झोला मन्त्रालय परिसर बाहिरै राख्न निर्देशन दिए।

**'राम्रा कामलाई निरन्तरता'**

मन्त्री श्रेष्ठले अघिल्ला शिक्षामन्त्री गिरिराजमणि पोखरेलको कार्यकालमा भएका राम्रा कामको निरन्तरता हुने र अपूरा तथा गलत कामलाई सुधार गरिने बताए। सरकारले गठन गरेको उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगका केही सदस्यले आयोगको प्रतिवेदन आफूखुशी सार्वजनिक गरेकोतर्फ लक्ष्य गर्दै उनले त्यस्ता काम आफूबाट नहुने बताए। कर्मचारीलाई सही सल्लाह र परामर्श दिन आग्रह गर्दै मन्त्री श्रेष्ठले "म शिक्षाको यस पोखरीमा फाल हालिसकेको छु, म यसलाई पारि तार्न चाहन्छु। डुब्न लागेमा बचाउनुहोला। किनारामा बसेर तमाशा नहेर्नुहोला।"

# वन फँडानीविरुद्ध कारबाई शुरू

प्रस, महोत्तरी, १२ पुस/

बर्दिबास नगरपालिका-१ को




रम्तेलडाँडा सामुदायिक वनक्षेत्र फँडानीविरुद्ध कारबाही शुरू भएको छ। वनक्षेत्रलाई निजी नम्बरी जग्गा देखाएर फँडानी गर्नेविरुद्ध वन कार्यालयले कारबाई थालेको हो।

आफ्नो नम्बरी दर्ता जग्गाको रूख भन्दै सामुदायिक वनक्षेत्रमा पर्ने रूख कटान गरेको अभियोगमा जिल्लाको बर्दिबास-१ का लीलामणि आचार्य र कृष्णप्रसाद गौतमविरुद्ध पक्राउ पुर्जी जारी गरिएको डिभिजन वन कार्यालय महोत्तरीले आइतवार जानकारी गराएको छ। वनक्षेत्रलाई निजी जग्गा देखाउन कागजात तयार गर्न सहयोग पुऱ्याएको अभियोग लागेका डिभिजन वन कार्यालय मातहतका सातजना वन कर्मचारीलाई पहिलो चरणमा स्पष्टीकरण सोधिएको छ। स्पष्टीकरणपछि आवश्यक कारबाई अगाडि बढाइने डिभिजन वन प्रमुख हेमन्तप्रसाद साहले जानकारी दिए। आचार्य र गौतमले आफ्नो नाउँमा दर्ता रहेको साबिक २५ नम्बर बहादुरगंज-३ 'क' को कित्ता नं २ को जग्गा (हाल बर्दिबास नगरपालिका-१)मा आफैंले रोपी हुर्काएका रूख कटानका लागि स्वीकृति माग्दै डिभिजन वन कार्यालयमा निवेदन दिएका थिए।

गत असोजमा परेको उक्त निवेदनउपर प्रक्रिया अगाडि बढाउने क्रममा केही वन कर्मचारीले सहयोग गरेको खुलासा भएको छ। उक्त रूख कटान भएको क्षेत्र सामुदायिक वनभित्र परेको भन्दै अहिले चौतर्फी विरोध भइरहेको छ।

रूख कटान गरिएको क्षेत्र निजी नम्बरी दर्ता हो वा होइन दोहोऱ्याएर नापजाँच गर्ने, यसअघि प्राप्त कागजातको अनुसन्धान गर्ने र कटान गरिएका रूखको जिपिएस प्रणालीबाट लगत तयार गर्ने काम शुरू भइसकेको डिभिजन वन कार्यालयले जनाएको छ।


पोखरा महानगरपालिका-२२ पुम्दीभुम्दीस्थित अनदुडाँडाको मीन थुम्कीमा रहेको विश्व शान्ति स्तूप। कोभिड- १९ का कारण नौ महिनादेखि बन्द स्तूप आइतवारदेखि सर्वसाधारणका लागि खुला। तस्वीरः रासस

## फरक समाचार

# सान्ताले कोरोना सङ्क्रमण बाँड्यो

२५ डिसेम्बर क्रिसमसका दिन बच्चाहरू उत्सुकताका साथ सान्ताको बाटो पर्खिरहेका हुन्छन्, यस दिन सान्ता क्लज आइपुग्छन् र बच्चाहरूको लागि उपहार ल्याउँछन्, तर बेल्जियममा एकजना सान्ता क्लजले १८ जनाको ज्यान लिएको समाचार छ।

बेल्जियमको मोलस्थित हेमलेरिजेक केयर होममा एकजना सान्ता क्लज आएका थिए। त्यस क्रममा उनले वृद्ध व्यक्तिहरूसँग समय बिताए। त्यस सान्ताका कारण १२१ जना व्यक्ति र केयर होमका ३६ जना कर्मचारीलाई कोरोना सङ्क्रमण फैलिएको बताइन्छ।



सान्ता बन्ने व्यक्ति कोरोना सङ्क्रमित थिए भन्नेबारे उनलाई थाहा थिएन। यद्यपि पछि उनी बिरामी परेपछि उनको परीक्षण गर्दा कोरोना परीक्षण रिपोर्ट पोजेटिभ आयो। त्यसपछि हेरचाह गृहका धेरैजसो व्यक्ति कोरोना सङ्क्रमित भए। त्यस सान्ताका कारण १५७ जना सङ्क्रमित भइसकेको स्थानीय मिडियाले जनाएको छ। क्रिसमसको एक दिन पहिले र क्रिसमसको एक दिनपछि पाँचजनाले ज्यान गुमाए भने हेरचाह गृहका अहिलेसम्म १८ जनाले ज्यान गुमाइसकेका छन्।

जबदेखि केयर होमका व्यक्तिहरू कोरोनामा सङ्क्रमित हुन थाले, अधिकारीहरूले यो किन भएको भनेर पत्ता लगाउँदा सान्ता बनेर आएका व्यक्तिमाथि शङ्का भयो। हेरचाह गृहमा बसेका व्यक्तिहरूको मनोबल बढाउन सान्ता क्लजले योजना बनाएका थिए। त्यति बेला उनी अस्वस्थ थिएनन्। सान्ता बन्ने व्यक्ति चिकित्सक थिए र वरपरका बासिन्दाको मदत गर्दथे।

यस शहरको जनसङ्ख्या ३५ हजार छ र मानिस कोरोना भाइरस नियन्त्रण गर्न हरसम्भव प्रयास गरिरहेका छन्।

# जाडोमा भुटेको लसुन औषधिसरह

चीसो बढ्दैछ र सबैजना चीसोबाट जोगिने उपाय खोजिरहेका छन्। हिउँदको मौसममा मानिसहरू बिरामी हुन्छन्। जाडो मौसममा खोकी, चीसो, ज्वरो र छाती दुख्नेजस्ता समस्याहरू हुन्छन्। चीसोमा स्वस्थ रहनको लागि हरेक दिन भुटेको लसुन खान्पर्छ। लसुनमा एलिसिन, मैंगनीज, पोटेशियम, फलाम, क्याल्सियम र भिटामिन 'सी'जस्ता पोषक तत्त्वहरू पाइन्छन्। यसैले जाडोमा भुटेको लसुन सेवन गर्दा धेरै रोगबाट छुटकारा पाउन सकिन्छ।



जाडोमा चीसो लागेको छ अथवा फ्लु भएको छ भने भुटेको लसुन औषधिभन्दा कम छैन। लसुनको चिया र खाली पेट दुईवटा लसुन खाँदा तुरुन्तै राहत पाउन सकिन्छ। लसुनमा पाइने एलिसिनले मुटुसम्बन्धी रोगसँग लड्छ। एलिसिन शरीरमा कोलेस्ट्रोलको मात्रा कम गर्छ र खराब कोलेस्ट्रोलको आक्सिकरणलाई रोक्छ। प्रतिदिन भुटेको लसुन सेवन गर्दा रगतको प्लेटलेट्सको एकत्रीकरणलाई कम गरेर रगतमा थक्का जम्नबाट रोक्छ। भुटेको लसुनबाट उच्च रक्तचापको रोगबाट पनि राहत दिन्छ।

रोगबाट लड्नको लागि प्रतिरक्षा प्रणाली बलियो हुनुपर्छ। हरेक दिन महसँग भुटेको लसुन सेवन गर्दा इम्युनिटी बढाउन सकिन्छ। यसबाट तपाईंको शरीर रोगसँग लड्न बल पाउँछ।

खानपिनको वास्तविक आनन्द हिउँदमा पाइन्छ। यसैले यस मौसममा धेरै व्यक्तिको वजन बढ्छ। भुटेको लसुनको सेवन गर्दा फैट कोशिकालाई बढाउन जीनलाई कम गर्छ र शरीरमा थर्मोजेनेसिसलाई बढाउँछ। यसैले वजनलाई कम गर्नको लागि भुटेको लसुन सेवन गर्नुपर्छ।

भुटेको लसुन दमका बिरामीहरूका लागि रामबाण उपचार हो। हरेक दिन दूधसँग भुटेको दुईवटा लसुनको टुक्रा सेवन गर्दा दम नियन्त्रणमा रहन्छ।

# यो मोटरसाइकल स्टार्ट गर्न साँचो चाहिंदैन

नेवों एक्सप्रेस वेबसाइटले औंलाको छापबाट स्टाट हुने मोटरसाइकल लिएर आएको छ। यसमा यस्तो टेक्नोलोजी प्रयोग गरिएको छ, जसमा फिङ्गर प्रिन्ट लगाएपछि मोटरसाइकल स्टार्ट हुन्छ।



दिनदिनै प्रविधि विकसित हुँदैछ। कुनै बेला किकबाट मोटरसाइकल स्टार्ट हुन्थ्यो तर समयसँगै अब सेल्फ स्टार्टबाट मोटरसाइकल स्टार्ट हुने प्रविधि आयो। अब अटोमोबाइल कम्पनीले मोटरसाइकललाई हाइटेक बनाउन त्यसमा थुप्रै प्रविधि प्रयोग गरिरहेका छन्। नेवों एक्सप्रेसले औंलाको छापबाट स्टार्ट हुने मोटरसाइकल लिएर आएको छ। यसमा बूढी औंलाको छाप मोटरसाइकलमा टच गराउनुपर्छ।

एडभान्स फिचरबाट लेस यस मोटरसाइकलको फिङ्गरप्रिन्ट स्मार्टफोन वा कुनै बायोमैट्रिक लकसरह काम गर्छ। मोटरसाइकल चलाउनुभन्दा पहिले चालकले आफ्नो औंलाको छाप यसमा सेभ गराउनुपर्छ, त्यसपछि मात्र मोटरसाइकल स्टार्ट गर्नुपर्छ। यस मोटरसाइकललाई स्टार्ट गर्न साँचोको आवश्यकता पर्दैन।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# युरोपेली मुलुकहरूमा खोप अभियान शुरू

पेरिस, १२ पुस/एएफपी

युरोपेली युनियनमा आबद्ध



फ्रान्समा आइतवार पहिलोपटक कोभिडविरुद्धको खोप लगाएपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै ७८ वर्षीया महिला। तस्वीरः एपीए

मुलुकहरूमा आइतवारदेखि एकसाथ कोभिड–१९ विरुद्धको खोप अभियान शुरू भएको छ।

युरोपका केही मुलुकमा कोरोना भाइरसको नयाँ स्वरूप देखिएकै अवस्थामा अति जोखिममा रहेका मानिसलाई पहिलो प्राथमिकता दिई खोप लगाउने तयारी गरिएको छ।

फाइजर–बायोएनटेकले विकास गरेको खोप कोभिड–१९ बाट सर्वाधिक प्रभाव परेका इटाली, स्पेन र फ्रान्समा शनिवार पहिलो डोजका लागि खोप आइपुगेको छ। पहिलो चरणमा यो खोप वृद्धवृद्धा र उनीहरूको हेरचाहमा खट्ने व्यक्तिहरूलाई दिइने जनाइएको छ।

कोरोना भाइरसको खोपका कारण सन् २०२१ मा नयाँ आशाको किरण देखिएको छ। गत वर्ष चीनमा पहिलोपटक देखिएको कोरोना भाइरसको सङ्क्रमणबाट विश्वभर हालसम्म १७ लाखभन्दा बढी व्यक्तिको ज्यान गइसकेको छ।

यसैबीच, विश्व स्वास्थ्य सङ्गठनका प्रमुख टेड्रोस अधानोम घेब्रेससले कोभिड–१९ महामारीबाट नयाँ पाठ सिक्नुपर्नेमा जोड दिएका छन्। महामारी पूर्वतयारीसम्बन्धी अन्तर्राष्ट्रिय दिवसका अवसरमा भिडियो सन्देश जारी गर्दै टेड्रोसले मानिस र पशुपक्षीबीचको नाजुक सम्बन्धका बारेमा मानव समुदायले बढी सचेतता अपनाउनुपर्ने तथा जलवायु परिवर्तनका खतराका कारण मानवका लागि पृथ्वी बस्न योग्य बनाउनेतर्फ ध्यान दिनुपर्ने बताएका छन्।

जर्मनीमा १०१ वर्षीया वृद्धालाई शनिवार कोभिड–१९ विरुद्धको खोप दिइएको छ। जर्मनीका स्वास्थ्यमन्त्रीले त्यस अवसरमा खोपलाई आशाको दिनको रूपमा हेरिएको बताए।

हङ्गेरी र स्लोभाकियामा पनि खोप दिन थालिएको छ।

हाल रूस, चीन, बेलायत, क्यानडा, संयुक्त राज्य अमेरिका, स्वीट्जरल्यान्ड, सर्बिया, सिङ्गापुर र साउदी अरेबियामा पनि खोप अभियान शुरू भइसकेको छ।

इटालीका विदेशमन्त्री लुइगी डि मायोले आमजनतालाई कोभिड–१९ को खोप लिन आह्वान गरेका छन्। तर जनमत सर्वेक्षणमा करीब ५७ प्रतिशत जनताले मात्र खोप लिन चाहेको देखाइएको छ। वैज्ञानिकहरूले ७५ देखि ८० प्रतिशतले खोप लगाए मात्र "हर्ड इम्युनिटी" विकास हुने अनुमान गरेका छन्।

कोरोना भाइरस फैलिएको भन्दै इजरायलले आइतवारदेखि लागू हुनेगरी दुई साताको लकडाउन गरेको छ भने फ्रान्सका स्वास्थ्यमन्त्रीले पनि क्रिसमसपछि कोरोना फैलिने आशङ्कामा लकडाउन गर्ने योजना बनाइएको जानकारी दिएका छन्।

बेलायतमा देखिएको कोरोना भाइरसको नयाँ स्वरूप र युरोपदेखि जापानसम्म यो भाइरस पुगेको भन्दै तनावको वातावरण सिर्जना भएको छ।

कोरोना भाइरसको नयाँ संस्करण म्याड्रिडमा शनिवार चारजनामा भेटिएको छ, तर उनीहरू गम्भीर बिरामी नभएको स्पेनी स्वास्थ्य अधिकारी एन्टोनियो जापाटेरोले बताए।

**भारतमा सङ्क्रमितको सङ्ख्या एक करोड एक लाख ८७ हजारभन्दा बढी**

नयाँ दिल्ली/सिन्हवा

भारतमा कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या आइतवारसम्म एक करोड एक लाख ८७ हजारभन्दा बढी पुगेको छ। विगत २४ घण्टाको अवधिमा भारतमा १८ हजार ७३२ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड एक लाख ८७ हजार ८५० पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ। भारतमा कोरोना भाइरसको सङ्क्रमण देखा परेयता ६ महीनाभित्र पहिलोपटक कोभिड–१९ का सङ्क्रमित २० हजारभन्दा कम देखिएको हो।

गत २४ मा भारतमा कोरोना सङ्क्रमणको कारण २७९ जनाको मृत्यु भएपछि कोरोना भाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ४७ हजार ६२२ जना पुगेको छ। मन्त्रालयको पछिल्लो विवरणमा ९७ लाख ६१ हजार ५३८ व्यक्ति सङ्क्रमणमुक्त भएका छन्। हाल भारतमा दुई लाख ७८ हजार ६९० सक्रिय सङ्क्रमित रहेका छन्। गत २४ घण्टामा मात्र कोरोना सङ्क्रमित २१ हजार ४३० जना कोरोनामुक्त भएका छन्।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड–१९ परीक्षणलाई तीव्रता दिने बताएको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्‌ले आइतवारसम्म देशभर १६ करोड ८१ लाख २ हजार ६५७ को हाराहारीमा नमूना परीक्षण गरेको जनाएको छ।

भारतमा शनिवार एक दिनमा ९ लाख ४३ हजार ३६८ जनाको कोरोना भाइरस नमूना परीक्षण भएको थियो। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले कोभिड–१९ को खोप केही हप्ताभित्रै तयार गर्नेगरी कार्य भइरहेको बताएका थिए।

**लेबनानमा पनि कोरोनो भाइरसको नयाँ सङ्क्रमण भेटियो**

बेरुत/सिन्हवा

लेबनानमा पनि कोरोना भाइरसको नयाँ सङ्क्रमण भेटिएको छ। बेलायतबाट लेबनानको राजधानी बेरुतमा पुगेका एकजना व्यक्तिमा यो सङ्क्रमण भेटिएको लेबनानका स्वास्थ्यमन्त्री हमाद हसनले बताएका छन्।

उनले बेलायतबाट लेबनानको राजधानी बेरुतमा आएका एकजना नागरिकमा कोरोना भाइरसको नयाँ सङ्क्रमण भेटिएको जानकारी शुक्रवार दिएको बताइएको छ। गएको सोमवार जहाजबाट लेबनान आएका ती नागरिकमा यो सङ्क्रमण भेटिएको थियो।

त्यसपछि सो जहाजमा आएका सबैजना यात्रीलाई सतर्क रहनका साथै अन्य सुरक्षित मापदण्डहरू अपनाउन भनिएको पनि स्वास्थ्यमन्त्री हसनले जानकारी दिएका छन्। ती सङ्क्रमित भेटिएपछि लेबनानको सरकारले बाहिरबाट आउने उडानहरूमाथि प्रतिबन्ध लगाएको छ। स्वास्थ्यमन्त्री हसनले सो कुरा ट्वीटमा जानकारी दिएका छन्।

केही समयअघि मात्र बेलायतमा देखिएको कोरोना भाइरसको नयाँ सङ्क्रमण अर्थात् प्रकार युरोपका विभिन्न देशमा पनि देखिएको छ। यो सङ्क्रमण फ्रान्समा पनि पहिलोपटक देखा परेको छ। फ्रान्सको स्वास्थ्य मन्त्रालयका अनुसार गत साता लन्डनबाट फर्किएका फ्रान्सेली पुरुषमा उक्त भाइरस पाइएको छ।

उनलाई उनकै घरमा आइसोलेशनमा राखिएको र अहिलेसम्म उनमा कुनै लक्षण भने नदेखिएको बताएको छ। सो नयाँ सङ्क्रमणको घटनापछि फ्रान्सले पनि गएको बुधवारदेखि नै बेलायतसँगको आवतजावतमा प्रतिबन्ध लगाउनेबारेमा नीति बनाएको थियो।

यसअघि भाइरसको उक्त नयाँ प्रकार डेनमार्क, अस्ट्रेलिया र द नेदरल्यान्ड्समा पनि पाइएको थियो। नयाँ प्रकारको भाइरस थप सङ्क्रामक भएको भन्ने विवरणहरू आइरहेका छन्। यसपछि विश्वका थुप्रै देशले ब्रिटेनबाट आउने र जाने उडान रद्द गरिदिएका छन्। नयाँ प्रकारको भाइरसको सङ्क्रमण रोक्न बेलायतमा पनि अहिले अत्यन्तै कडा बन्देजहरू लागू गरिएका छन्। रासस

# चीनमा पाँचमध्ये एकजना उच्च रक्तचापबाट पीडित

बेइजिङ, १२ पुस/सिन्हवा

चीनमा हरेक पाँचमध्ये एक व्यक्तिमा उच्च रक्तचापको समस्या देखिने गरेको तथा अरू रोगभन्दा रक्तचापबाट सबैभन्दा बढी व्यक्तिको मृत्यु हुने गरेको छ।

एक अध्ययन अनुसार चीनमा करीब ३० करोड मानिसमा उच्च रक्तचाप देखिएको छ।

चीनको राष्ट्रिय कार्डियोभास्कुलर डिजिज सेन्टरका प्रमुख हु शेङ्साओले उच्च रक्तचापका बिरामीका लागि चीनमा बर्सेनि करीब ४ अर्ब ८८ करोड अमेरिकी डलर खर्च हुने गरेको बताए।

उच्च रक्तचाप रोकथाम तथा नियन्त्रणसम्बन्धी राष्ट्रिय सम्मेलनमा सम्बोधन गर्दै उनले चीनमा मृत्यु र अशक्तताको प्रमुख कारकमा रक्तचाप देखिएको बताए।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार उच्च रक्तचाप भएमा त्यसले मुटुमा गम्भीर क्षति पुग्ने, हृदयाघात हुने, मुटुले काम गर्न छाड्ने, मुटुको चाल अनियमित हुने, मिर्गौलामा क्षति पुग्ने तथा मुटुका धमनी फुट्ने वा बन्द हुन्छन्। यी गम्भीर स्वास्थ्य समस्या भएका व्यक्तिमा हृदयाघात हुने सम्भावना बढी हुन्छ।

चिनियाँ नागरिकमा रहेका दीर्घरोग र पोषणसम्बन्धी हालै गरिएका अध्ययनले १८ वर्ष वा सोभन्दामाथिका उमेरका व्यक्तिहरूमा उच्च रक्तचापका २७.५ प्रतिशत, मधुमेहका ११.९ प्रतिशत तथा उच्च कोलेस्टोरलका ८.२ प्रतिशत रहेको देखाएको छ।

चीनले उच्च रक्तचाप, रगतमा चिनीको मात्रा बढी भएका र हाइपरलिपिडेमियाँविरुद्ध जनवरीदेखि विशेष कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको छ। यी रोग भएका व्यक्तिको उपचार र नियन्त्रणमा सघाउँदै राम्रो व्यवस्थापन गर्ने उपायका बारेमा सचेतना फैलाउने चीनको योजना छ।

यस कार्यक्रममा आबद्ध एक अधिकारी काई जूनले यस कार्यक्रमले प्रारम्भमा २ लाखभन्दा बढी व्यक्तिलाई समेट्ने र सन् २०२२ सम्ममा ३४ वटा जिल्ला र काउन्टीमा विस्तार गरिने जानकारी दिए। रासस

# मतदाता नामावली अद्यावधिक गरिँदै

काठमाडौं, १२ पुस/रासस

निर्वाचन आयोगले आगामी प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि दर्ता भएका मतदाता नामावली अद्यावधिक गर्न शुरू गरेको छ। आयोगका प्रवक्ता राजकुमार श्रेष्ठका अनुसार निर्वाचनका लागि शुरूका चरणमा गर्नुपर्ने कामको तयारी प्रारम्भ भएको र मतदाता नामावली अद्यावधिक गर्न थालिएको छ।

सरकारले प्रतिनिधिसभाको निर्वाचन दुई चरणमा आगामी वैशाख १७ र २७ गर्नेगरी मिति तोकिसकेको छ। यद्यपि उक्त निर्वाचनका विषयमा दलबीच उत्पन्न भएको विवाद निरूपणका लागि सर्वोच्च अदालतमा विषय प्रवेश गरेको छ। आयोगले ऐनमा व्यवस्था भए अनुसार निर्वाचन घोषणा भएलगत्तै ७७ वटै जिल्ला निर्वाचन कार्यालयबाट गरिरहेको मतदाता नामावली सङ्कलन स्थगन गरेको छ।

निर्धारित मितिमा निर्वाचन सम्पन्न गर्न सबैभन्दा पहिले आयोगले निर्वाचन कार्यक्रम कार्यतालिका बनाउनुपर्ने हुन्छ। निर्वाचनसम्बन्धी ऐनकानूनले व्यवस्था गरेअनुरूप त्यस्तो काम विधि र प्रक्रियाले तोकिएको मितिभन्दा अगाडि पनि गर्न सकिँदैन, पछि सार्न पनि मिल्दैन।

तोकिएको मितिमा ठीकठीक तरीकाबाट कार्य सम्पन्न गर्ने सिलसिलामा हाल कार्यतालिका निर्धारणका लागि मस्यौदा तयार गरिसकिएको छ। उक्त मस्यौदा निकट भविष्यमैं अन्तिम रूप दिएर निर्णयका लागि पेश हुने क्रममा रहेको प्रवक्ता श्रेष्ठले जानकारी दिए।

आयोगले निर्वाचनका लागि आवश्यक पर्ने बजेट अनुमानको काम गरिरहेको छ। उक्त निर्वाचनका लागि के कस्ता क्रियाकलाप गर्नुपर्छ, त्यसका लागि कति जनशक्ति के कति समय परिचालन हुन्छ र त्यसमा के कस्ता अन्य स्रोत सामग्री आवश्यक पर्छ भन्ने आधारमा बजेटको निर्क्योल गर्नुपर्ने भएकाले आयोगले बजेट अनुमान गर्ने काम गरिरहेको बताइएको छ। विगतका निर्वाचनकै विधि, प्रक्रिया र क्रियाकलाप गरिने भएपनि कति मात्रामा जनशक्ति




परिचालन गर्छौं, कति समयमा त्यो क्रियाकलाप सञ्चालन हुन्छन्, के कस्ता सामग्री प्रयोग गर्छौं भन्नेसँग बजेट निर्धारण हुने उनले बताए। यद्यपि अघिल्लो आमनिर्वाचनमा रु सात अर्बको हाराहारीमा खर्च भएकाले यसपटक पनि सोही वरपरकै खर्च हुने अनुमान छ।

अहिलेको निर्वाचन कोरोनाका कारण स्वास्थ्यका दृष्टिकोणले निर्वाचन व्यवस्थापन गर्नुपर्ने भएकाले केही खर्च थप लाग्ने अनुमान गरिएको छ। बजेट तर्जुमाको काम भइसकेपछि आयोगले स्वीकृत गरी अर्थ मन्त्रालयसँग अनुरोध गर्नेछ। निर्वाचनका लागि प्रयोग हुने मतपेटिकालगायत अत्यावश्यक सामग्री जिल्ला निर्वाचन कार्यालयमा के, कति र कस्तो अवस्थामा मौज्दात छन्, नपुग हुने सामग्री कति हो भन्ने विवरण आयोगले लिइरहेको छ। त्यससम्बन्धी विवरण प्राप्त भइसकेपछि आवश्यक थप सामग्री व्यवस्थापन गरिनेछ।

सवारीसाधन, मेशिनरी औजारको सङ्ख्या र अवस्थाबारे आयोगले जिल्ला–जिल्लाबाट विवरण लिइरहेको छ। त्यस्ता सामग्रीको मर्मत सम्भार गर्न लाग्ने खर्च तथा कम्प्युटर, फोटोकपी, फ्याक्सलगायत सामग्रीको अवस्थाको विवरण पनि तत् कार्यालयबाट मागिरहेको छ।

निर्वाचनका सन्दर्भमा प्रयोग हुने निर्देशिका, कार्यविधि अनुसार विद्यमान ऐनकानूनकै आधारमैं निर्वाचन हुने भएपनि आयोगले आचारसंहितालगायत विषयलाई अद्यावधिक गर्नुपर्नेछ। सो कार्य शुरू भएको छ।

निर्वाचन कार्यतालिका आयोगबाट स्वीकृत भएपछि निर्वाचनमा भाग लिन चाहने राजनीतिक दल दर्ता गर्न सूचना प्रकाशन गर्ने, दलसँग अरू कार्यमा सरसल्लाह गर्ने, मनोनयपत्र दर्ता गर्नेदेखि निर्वाचन चिह्न प्रदान र मतदान गर्नेसम्मका कार्य हुनेछ। त्यसका लागि आवश्यकता र प्राथमिकता निर्धारण गरी आयोगले योजनाबद्ध र व्यवस्थितरूपमा गर्नेछ। निर्वाचन आयोगमा हाल १३० भन्दा बढी राजनीतिक दल दर्ता छन्। मतदाताको सङ्ख्या भने एक करोड ५४ लाखको हाराहारीमा छ। निर्वाचनलाई व्यवस्थित र मर्यादित तुल्याउन के, कस्ता विषयमा विशेष ध्यान पुऱ्याउनुपर्छ भनी प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले विगतमा आयोगमा रही अनुभव हासिल गरेका सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र सरकारी सञ्चारमाध्यमका पदाधिकारीसँग राय, सुझाव र सल्लाह लिए।

## स्रोत नखुलेको रकमसहित दुईजना पक्राउ

प्रस, रौतहट, १२ पुस/

गौर नगरपालिका वडा नं ४ मा खटिएको प्रहरी टोलीले शनिवार चेकजाँच गर्ने क्रममा नेरु १२ लाख नगदसहित दुईजनालाई पक्राउ गरेको छ।

भारतबाट नेपाल आउँदै गरेका भारत बिहार राज्य सीतामढी जिल्ला थाना बैरगनिया गाउँ फूलवरिया बस्ने वर्ष ४० का ललनकुमार र वर्ष २३ का रोहित जैसवाललाई शङ्का लागि शनिवार साँझ रोकी बोकेको हैन्ड ब्याग खोली चेकजाँच गर्दा दुवैजनाको ब्यागभित्रबाट १२ लाख नगद बरामद भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

भारतबाट ल्याएको स्रोत नखुलेको रकमसहित दुवैजनालाई नियन्त्रणमा लिई आवश्यक कारबाहीको लागि आइतवार भन्सार चलान गरेको जिप्रकाले जनाएको छ।

**भूमिसुधार कार्यालय, गौर, रौतहट**
**टिप्पणी /आदेशपत्र/आदेश पर्चा**

| वादी वा निवेदकको नाम | प्रतिवादी वा विपक्षीको नाम |
|---|---|
| जाहिर हुसेन मियाँ लहेरीसमेत दुईजना | सुजाइत मियाँ, सन्तपुर |

**नामसारीको हकदाबीबारे ३५ दिने सार्वजनिक सूचना**

आदेशको बेहोरा

यसमा जिल्ला रौतहट साबिक गाविस सन्तपुर (दो) वडा नं ५ हाल फतुवा विजयपुर नपा वडा नं ५ बस्ने शे. सुजाइत मियाँ लहेरीका छोरा जाहिर हुसेन मियाँ लहेरी र सुजाइतकी बुहारी खैतुन नेसासमेतले आफ्ना बुबा–ससुरा नाता पर्ने सुजाइत मियाँ, सन्तपुर (दो) नाम दर्ताको जग्गा गाविस सन्तपुर (दो) वडा नं ७ ख कि.नं. १६९ को ज.वि. ०–४–० ऐ. वडा नं ५ कि.नं. ५०२ को ज.वि. ०–०–९ को नामसारी माग गरेकोमा फतुवा विजयपुर नपा वडा नं ५ को च.नं. ५२२ मिति २०७७।८।२६ गतेको सिफारिशमा जग्गाधनी सुजाइतका जेठा छोरा महबुब मियाँ लहेरी अविवाहित अवस्थामा परलोक भएको भनी उल्लेख रहेको मृतक जग्गाधनीको वतन सन्तपुरमा उल्लेख रहेकोले मागबमोजिम नामसारी गरिदिए अन्य कसैलाई असर पर्ने भए आफ्नो सप्रमाणसहित यस सूचना प्रकाशित भएको ३५ दिनभित्र यस कार्यालयमा आफू वा वारेसमार्फत प्रतिवाद गर्न आउनुहोला अन्यथा कानूनबमोजिम नामसारी भइजानेछ।

**सूचना ! सूचना !! सूचना !!!**

**निर्वाचन क्षेत्र नं. ४ "ख" को प्रदेशसभा सदस्य माननीय सिंहासन साह कलवारज्यूको विकास कार्यक्रम (आ.व. २०७७/०७८)**

प्रदेशसभा सदस्य माननीय सिंहासन साह कलवारज्यूको संसदीय क्षेत्र विकास कार्यक्रम अन्तर्गत पर्सा जिल्लाको क्षेत्र नं. ४ 'ख' भरिमा खानेपानी धारा (हेन्ड पाइप) जडान गर्नुपर्ने भएकोमा यस क्षेत्रका इच्छुक व्यक्तिहरूले खानेपानी जडानको लागि माननीयज्यूको सम्पर्क कार्यालयमा निवेदन तथा नागरिकताको प्रतिलिपि दिनुपर्ने भएकोमा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आवेदन फाराम दर्ता गराउनुहुन सर्वसाधारण जनताको लागि यो सूचना प्रकाशित गरिएको छ।

**आवेदन फाराम बुझाउने स्थानः राधेमाईटोल, वीरगंज-१३**

सम्पर्कः ९८६३४३०६५७, ९८०७२१२८७२, ९८५५०२३३८६, ९८१९२१२१२२, ९८०२९४२०६०

## दुईजना चोर पक्राउ

प्रस, वीरगंज, १२ पुस/

वीरगंज महानगर–१३ राधेमाई टोलस्थित शङ्कर भगवान्‌को मन्दिरमा चोरी गर्न खोज्दा दुईजना चोर पक्राउ परेका छन्।

शनिवार राति ११ बजे मन्दिरमा रहेको पानी तान्ने मोटर चोरी गर्न खोज्दा मन्दिरका पुजारीले दुईजना चोरलाई रोक्न खोज्दा उनीमाथि कुटपिट गरिएको थियो। पुजारी चोरबाट कुटिएपछि उनी कराएका र उनको आवाज सुनेर छिमेकी शिवशङ्कर यादव पुगी दुवैजना चोरलाई पक्रेका थिए। पक्राउ परेका चोरलाई वडा प्रहरी कार्यालय श्रीपुरको जिम्मा लगाइएको मन्दिरका सञ्चालक हरिसाह गुप्ताले बताए।

## चल्ला बरामद तथा नष्ट

प्रमोद यादव, पंचगावाँ, १२ पुस/

सशस्त्र प्रहरी बल बिओपी अलौंले ठूलो परिमाणमा भारतीय चल्ला बरामद गरी नष्ट गरेको छ।

आइतवार बिहान ५ बजे भारतीय मोटरसाइकलमा भारतबाट नेपाल भित्र्याएको अवस्थामा ६ हजार थान कुखुराको चल्ला बरामद गरेको थियो।

मोटरसाइकल चालक प्रहरीलाई देखेर फरार भएको र प्रहरीले मोटरसाइकल तथा चल्ला नियन्त्रणमा लिएको सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्काले बताए। उनले बरामद चल्ला सरोकारवालाहरूको रोहबरमा नष्ट गरिएको बताए।

## आजको राशिफल

| | |
|---|---|
| मेष – प्रसन्नता | वृष – पदोन्नति |
| मिथुन – ईश्वरभक्ति | कर्कट – अलमल |
| सिंह – नारीसुख | कन्या – शत्रुपराजय |
| तुला – सन्तानसुख | वृश्चिक – वाहनकष्ट |
| धनु – राज्यलाभ | मकर – सुयश |
| कुम्भ – अन्नलाभ | मीन – व्यर्थभ्रमण |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# विपी उद्यानबाट दलितबस्ती हटाइयो

प्रस, वीरगंज, १२ पुस/

वीरगंजको घण्टाघरनजीक रहेको महानगरको जग्गा विपी उद्यानमा बसोबास गर्दै आएका ४३ दलित परिवारको घर वीरगंज महानगरपालिकाले भत्काएको छ।

विगत २० वर्षदेखि सो जग्गामा बसोबास गर्दै आएका दलितहरूको घर आज बिहान महानगरले डोजर लगाएर भत्काएपछि करीब अढाई सय दलित घरविहीन भएका छन् । त्यहाँ बालबालिका, वृद्ध गरी २५७ जना बसोबास गर्दै आएको दलित जगदीश रामले बताए।

त्यहाँ बसोबास गर्ने दलितहरू महानगरका विभिन्न वडामा सरसफाइलगायतका काम गर्ने गर्छन् । सरसफाइ प्रमुख सर्फुद्दीन अन्सारीको नेतृत्वको टोलीले दलितबस्ती भत्काएको हो।

यस विषयमा अन्सारीले महानगरले सो जग्गाको स्तरोन्नति गर्न थालेको र त्यहाँ बसोबास गर्नेहरूलाई ठाउँ छाड्न पटक-पटक जानकारी गराउँदा पनि अटेर गरेपछि आज बल प्रयोग गरेर हटाइएको बताए । महानगरको सो जग्गामा माटो भर्ने र पर्खालले घेर्ने काम भइरहेकोले सो हाताभित्र कसैलाई स्थायीरूपमा बस्न नदिने महानगरले जनाएको छ।


तस्वीरः प्रतीक

विपी उद्यानमा बनाइएका दलितहरूको झुपडी डोजर लगाएर भत्काईंदै । तस्वीरः प्रतीक

# प्रधानमन्त्रीलाई संसद् विघटन गर्ने अधिकार छैन –नेता पोखरेल

प्रस, कलैया, १२ पुस/

नेकपा स्थायी कमिटी सदस्य एवं पूर्व शिक्षामन्त्री गिरिराजमणि पोखरेलले प्रधानमन्त्री केपीशर्मा ओलीका कारण देश सङ्कटको भुमरीमा फसेको आरोप लगाएका छन्।

नेपाल कम्युनिस्ट पार्टी बाराको आयोजनमा आइतवार कलैयामा आयोजित अगुवा कार्यकर्ता भेलामा नेता पोखरेलले जनताले दिएको दुई तिहाइ मतको प्रधानमन्त्री ओलीले अपमान गरेको र संसद् विघटन गर्ने उनको कदम असंवैधानिक भएको बताए। उनले प्रम ओलीको असंवैधानिक कदमको विरोधमा सबै नेता, कार्यकर्तालाई खुलेर विरोध गर्न आग्रह गरे।

नेता पोखरेलले संविधानले प्रधानमन्त्रीलाई संसद् विघटन गर्ने अधिकार दिएकै छैन भन्दै प्रम ओलीले टेकेको संविधानको धाराबाट संसद् विघटन हुनै नसक्ने ठोकुवा गरे। नेता पोखरेलले प्रधानमन्त्री ओली निरङ्कुशतातर्फ अगाडि बढेको आरोप लगाए। ओलीको निरङ्कुशताको विरुद्ध सडक सङ्घर्षमा जानुपरेको उनले बताए।

नेकपाका नेता एवं पूर्वमन्त्री पुरुषोत्तम पौडेलले पार्टीको निर्णय मान्दिनँ भन्ने अधिकार कसैलाई नभएको बताए। उनले झन्डै दुई तिहाइ मत तत्कालीन एमाले र एमाओवादी केन्द्रका लागि दिएको बताउँदै प्रम ओलीले सो मतलाई आफ्नो मात्र ठानेको दोषारोपण गरे । उनले पनि प्रम ओली निरङ्कुश बन्न लागेको भन्दै सोविरुद्ध सबै नेता, कार्यकर्तालाई एकजुट हुन आग्रह गरे।

नेकपा बाराका अध्यक्ष क्षेत्रबहादुर श्रेष्ठको अध्यक्षता र मनोज पौडेलको सहजीकरणमा सम्पन्न कार्यक्रममा नेकपा बाराका सहइन्चार्ज गोपाल ठाकुर, केन्द्रीय सदस्य दिनेश राई, संविधानसभा सदस्य शिवचन्द्र कुशवाहा, बिमा कार्की, बाराका नेताहरू छठुप्रसाद यादवलगायतले असंवैधानिक कदमविरुद्धमा एकजुट हुन आग्रह गरेका थिए। कार्यक्रममा स्वागत महमद समिउल्लाहले गरेका थिए।

# दुई दिन नबित्दै कालोपत्रे उप्कियो

प्रस, सर्लाही, १२ पुस/

बरहथवाको पञ्चायन मन्दिरदेखि इलाका प्रहरी कार्यालय हजरियासम्मको सडक कालोपत्रे भएको दुई दिनमैं उप्किएको छ। ठेकेदारले प्रक्रिया पूरा नगरीकन जबरजस्ती कालोपत्रे गरेको कारण कालोपत्रे नटिकेको सो वडाका अध्यक्ष यज्ञबहादुर खड्काले बताएका छन्।

आफूहरूले नगर्नभन्दा पनि निर्माण कम्पनीले जबरजस्ती कालोपत्रे गरेको वडाध्यक्ष खड्काको भनाइ छ । बरहथवास्थित एमएसके लाइट कन्स्ट्रक्शनले ६५ लाख रुपैयाँको लागतमा आर्थिक वर्ष २०६६/७७ को असार मसान्तसम्म सम्पन्न गरिसक्ने गरी करीब एक किलोमिटर सडकको कालोपत्रे ठेक्का सकारेको थियो। कोरोना कहरका कारण कालोपत्रे गर्न ढिलाइ भएको पनि थियो। नगरको योजना शाखाका प्रमुख एवं नगरपालिकाका सूचना अधिकारी कमलप्रसाद पौडेलले हजरियाको सडकमा गुणस्तरहीन कालोपत्रे भएको गुनासो आएको बताए । सम्झौता अनुसार गुणस्तरीय काम नभएसम्म बाँकी भुक्तानी नगरिने सूचना अधिकारी पौडेलले बताएका छन्।

सडक कालोपत्रेको जिम्मा पाएका ठेकेदार सुरेश कार्कीले भने कालोपत्रेको काम निर्माणकै चरणमा रहेको बताएका छन्। उनले हस्तान्तरण नहुन्जेल जति बिग्रिए भत्किए पनि आफूले बनाउने बताए । सडकमा क्षमताभन्दा बढी लोडका टिपरलगायत अन्य सवारी गुड्ने गरेका र तापक्रम कम भएकाले कालोपत्रे उप्किएको कार्कीको तर्क छ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |




# ६ महिलासहित ५० जनाद्वारा रक्तदान

प्रस, ठोरी, १२ पुस/

ठोरी गाउँपालिकामा आज सम्पन्न रक्तदान कार्यक्रममा ६ जना महिलासहित ५० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।

नेपाल संवत् ११४१ तथा योमरी पुन्हीको अवसरमा स्वर्ण नेवा खलःले ठोरी गाउँपालिका-५ सुवर्णपुरमा आयोजना गरेको रक्तदान कार्यक्रममा सीमा मोत्त्कान, प्रेमकुमारी श्रेष्ठ, सानुमाया तामाङ, सन्तोषी खड्का, मोहन खरेल, विदुर लामिछाने, निर्मल लामा, जीवन जोशी, रञ्जीत यादव, सन्तोष सापकोटा, सञ्जय गुप्ता, मनोज बस्नेत, उदयबहादुर श्रेष्ठलगायतले रक्तदान गरेको केन्द्रका प्राविधिक प्रमुख पाण्डेले बताए।



तस्वीरः प्रतीक

# भैंसीकाण्डमा सशस्त्र प्रनिमाथि कारबाई

प्रस, पंचगावाँ, १२ पुस/

ठोरी गाउँपालिका-५ सुवर्णपुरबाट ३९ वटा राँगा, भैंसी जिल्ला प्रहरी कार्यालय, पर्साको अपराध अनुसन्धान शाखाको टोलीले बरामद गरेपछि सशस्त्र प्रहरी निरीक्षक अशोक चालिसेमाथि कारबाई भएको छ।

सीमा सुरक्षाको जिम्मेवारी बोकेको सशस्त्र प्रहरीले आफ्नो क्षेत्रबाट हुने अपराधका घटनामा तदारूकता नदेखाएको भनेर सशस्त्र प्रनि चालिसेलाई १३ नं गण वीरगंजमा उपस्थित गराइएको सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्काले बताए।

सीमामा तैनाथ सशस्त्र प्रहरीले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने र सो नगरेको जनगुनासो आएपछि उनीमाथि छानबिन शुरू भएको सशस्त्र प्रउ खड्काले बताए । सप्रउ चालिसेको ठाउँमा ऋषिकेश राउतलाई खटाइएको छ । घटना शनिवार बिहानको हो र प्रनि चालिसेलाई साँझ कारबाई भएको हो।

# लागूऔषधसहित दुईजना भारतीय पक्राउ

प्रस, रौतहट, १२ पुस/

गौर नगरपालिका वडा नं ४ बसपार्क चोकमा जिल्ला प्रहरी कार्यालय रौतहटको मातहत अस्थायी प्रहरी पोस्ट बसपार्कबाट खटिएको प्रहरी टोलीले शनिवार पैदल यात्रु तथा सवारीसाधनहरू रोकी चेकजाँच गर्ने क्रममा लागूऔषध सहित एकजनालाई पक्राउ गरेको छ।

भारतको बिहार राज्य मोतीहारी जिल्ला ग्राम पञ्चायत हसनपुर बालुवा बस्ने वर्ष २३ का अनिलकुमार जैसवालमाथि शङ्का लागि निजले बोकेको सेतो हैन्ड ब्याग चेकजाँच गर्दा उक्त ब्यागभित्रबाट लागूऔषध बरामद भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

ब्यागभित्र नर्फिन २ एमएलको एम्पुल ४५० वटा, डाइजेपाम २ एमएलको एम्पुल ४५० वटा, फेनारगन २ एमएलको एम्पुल ४५० वटा गरी जम्मा १३५० वटा एम्पुल फेला परेको थियो। जैसवाललाई पक्राउ गर्दा निजका साथी भारत बिहार राज्य मोतीहारी जिल्ला कुडवा चैनपुर बस्ने वर्ष २२ का रविकुमारसमेतलाई नियन्त्रणमा लिई रौतहट जिल्ला अदालतबाट न्यायिक हिरासतमा राख्ने अनुमति लिई थप अनुसन्धान भइरहेको जिप्रकाले जनाएको छ।

# ड्राइभिङ सङ्घद्वारा मुख्यमन्त्रीलाई ज्ञापन

प्रस, वीरगंज, १२ पुस/

ड्राइभिङ स्कूल सङ्घ नेपाल प्रदेश २ समितिले मुख्यमन्त्री लालबाबूराउत गद्दीलाई ज्ञापनपत्र बुझाएको छ।

सङ्घका प्रदेश अध्यक्ष अकलेश साह नेतृत्वको टोलीले मुख्यमन्त्री गद्दीलाई भेटेर चार बुँदे मागसहितको ज्ञापनपत्र बुझाएको हो।

ज्ञापनपत्रमा सङ्घ सरकारको निर्देशिका २०७४ अनुसार एउटा ड्राइभिङ सेन्टरले एउटा ट्रायल सेन्टर बनाउनुपर्ने नियम खारेज गरी ४/५ जना मिलेर एउटा ट्रायल सेन्टर बनाउनुपर्ने, रोकिएको ड्राइभिङको प्रमाणपत्र पुनः लागू हुनुपर्ने, रोकिएको ड्राइभिङ स्कूलको नवीकरण सहज तरीकाले गर्न पाउनुपर्ने र निर्देशिका अनुसार चारजना प्रशिक्षक राखिएको ठाउँमा एकजना प्रशिक्षक अनिवार्य राख्न पाउनुपर्ने माग गरिएको छ।

टोलीले जनकपुरमा मुख्यमन्त्रीका साथै भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव रामाधार साहसमक्ष पनि ४ बुँदे मागपत्र प्रस्तुत गरेको थियो।


मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाउँदै । तस्वीरः सौजन्य

# धोबिनी गापामा निश्शुल्क आँखा शिविर

प्रस, वीरगंज, १२ पुस/

धोबिनी गाउँपालिकामा आइतवार फाउन्डेशनको सहयोगमा धोबिनी गापा-२ आसवारीमा निश्शुल्क आँखा शिविर


तस्वीरः सौजन्य

निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ।

नगरप्रमुख विजय सरावगीको निश्शुल्क आँखा उपचार अभियान अन्तर्गत आइतवार माट्रिका आई भएको थियो। आँखा शिविरमा ३०६ जनाको निश्शुल्क परीक्षण गरिएकोमा ११८ जनामा मोतीबिन्दु भेटिएको फाउन्डेशनका स्वास्थ्य संयोजक महेश सिंह धामीले जानकारी दिए।

स्वच्छ र व्यवस्थित वीरगंजको लागि प्रहरी साझेदारी

- कोभिड-१९ सङ्क्रमण नियन्त्रण तथा रोकथामको लागि आफू पनि सचेत रहौं र अरूलाई पनि सचेत पारौं। - फूटपाथमा जथाभावी पसल नराखौं। - मास्क र पञ्जा प्रयोग गरौं।
- अनावश्यक भीडभाड नगरौं। - जथाभावी पार्किङ नगरी महानगरले तोकेको स्थानमा मात्र पार्किङ गरौं। - वन-वे, टु-वे नियम पालना गरौं। - चौपायाहरू जथाभावी बजारमा नछोडौं।
- जथाभावी फोहर नफालौं, आफ्नो घर, पसलको फोहर डस्टबिनमा फालौं। - तरकारी, फलफूल जथाभावी फूटपाथमा नबेचौं।